# लहान नगरपालिकाको

## बलान नदी प्रणालीको वगर क्षेत्रवाट दिगो रूपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन् कार्य सञ्चालनका लागि गरिएको

# प्रारम्भिक वातावरणीय परीक्षण

# Initial Environmental Examination

# प्रतिवेदन




२०७९

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा

# लहान नगरपालिकाको

## बलान नदीप्रणाली अन्तरगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाको वगर क्षेत्रवाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन् कार्य सञ्चालनका लागि गरिएको

# प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन

**पेश गरेको कार्यालय**

लहान नगरपालिका

सिरहा

**प्रतिवेदन तयार पार्ने संस्था**

RB Engineering Consultancy

Saptari, Nepal

# विषय सूची

**कार्यकारी सारांश** ........ १

परिचय ........ १

प्रस्तावको प्रमुख विशेषताहरु ........ २

प्रस्ताव क्षेत्रको अवस्थिति ........ २

भौतिक वातावरण ........ २

अध्ययन विधि ........ ३

वर्तमान वातावरणीय अवस्था ........ ३

वातावरणीय प्रभाव ........ ३

रोकथामका उपायहरु ........ ५

वातावरणिय व्यवस्थापन योजना र अनुगमन ........ ५

निष्कर्ष तथा सुझावहरु ........ ५

**अध्याय एक : परिचय** ........ ६

१.१ प्रस्तावको नाम ........ ६

१.२ प्रस्तावकको नाम र ठेगाना ........ ६

१.३ IEE प्रतिवेदन तयार पार्ने संस्था ........ ६

१.४ प्रस्तावको पृष्ठभुमि ........ ६

१.५ प्रारम्भिक वातावरणीय परिक्षण IEE को उद्देश्यहरु ........ ७

१.६ प्रस्तावको औचित्यता ........ ८

**अध्याय दुई : प्रस्तावको सामान्य परिचय** ........ ९

२.१ प्रस्तावको प्रकार ........ ९

२.२ प्रस्तावको प्रमुख विशेषताहरु ........ ९

२.३. प्रस्तावको विवरण ........ १०

२.३.१ प्रस्तावको उद्देश्य ........ १०

२.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति तथा उत्खनन एवं संकलन गर्न सकिने परिमाणको आकलन ........ १०

२.३.३ प्रस्तावित क्षेत्रमा यातायातको पहुँच ........ १३

२.३.४ प्रस्तावको क्षेत्र निर्धारण ........ १३

२.३.५ संकलन/उत्खनन र ढुवानी (कार्य र विधि)....................................................१३

२.४ संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व................................................१४

**अध्याय तीन : अध्ययन विधि**.....................................................................................................**१५**

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्को पुनरावलोकन एवं संश्लेषण........................१५

३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण ...............................................................................१६

३.३ सार्वजनिक सूचना, छलफल तथा जनपरामर्श एवं सिफारिस पत्रहरु..........................१७

३.४ तथ्याङ्क विश्लेषण, प्रभावहरुको पहिचान/अनुमान/मुल्याङ्कन र प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव एवं प्रतिवेदन तयारी.....................................................१८

**अध्याय चार : विद्यमान ऐन, नियमावली, नीति, निर्देशिका तथा मापदण्डहरुको पुनरावलोकन**............**१९**

४.१ नेपालको संविधान, २०७२................................................................................................१९

४.२ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७.......................२०

४.३ वन ऐन २०७६ र वन नियमावली २०७७..........................................................................२०

४.४ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९.........................................................२१

४.५ भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२..................................२१

४.६ स्थानीय सरकार सन्चालन ऐन २०७४ ..............................................................................२१

४.७ फोहोर मैला व्यवस्थापन ऐन, २०६८................................................................................ २२

४.८ निर्देशिका............................................................................................................................. २२

४.८.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०.......................................... २२

४.८.२ सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा वालुवा नियमन् सम्बन्धी प्रतिवेदन.............................................................................................................. २२

४.८.३ मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/०३/२७...........२३

४.९ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु...............................................................................२३

४.१० लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ २४

**अध्याय पाँच : वस्तुगत वातावरणीय अवस्थाको बयान**........................................................................... **२५**

५.१ भौतिक वातावरण ............................................................................................................. २५

५.१.१ भौगोलिक बनावट (टोपोग्राफी) ........................................................................ २५

५.१.२ माटोको प्रकार .................................................................................................... २५

५.१.३ जलवायु/हावापानी ............................................................................................ २६

५.१.४ भू उपयोग........................................................................................................... २६

५.१.५ प्रदुषण.................................................................................................................. २६

५.२ जैविक विविधता................................................................................................................. २७

५.२.१ बन एवं बनस्पति ........ २७
५.२.२ वन्यजन्तु ........ २८
५.२.३ चराहरु ........ २८
५.२.४ माछाहरु ........ २८
५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ........ ३०
५.३.१ वडा अनुसार जनसंख्या विवरण ........ ३०
५.३.२ जात/जातिको आधारमा जनसंख्या वितरण ........ ३१
५.३.३ धर्म अनुसार जनसंख्या वितरण ........ ३२
५.३.४ कृषि क्षेत्रको अवस्था ........ ३२
५.३.५ प्रमुख उत्पादन हुने कृषि वालीहरू ........ ३२
५.३.६ पशुपालन तथा माछापालन ........ ३३
५.४ भौतिक पूर्वाधार विकासको अवस्था ........ ३३
५.४.१ सडक तथा यातायात ........ ३४
५.४.२ सञ्चार सेवाका माध्यमहरू ........ ३४
५.४.३ पत्रपत्रिका ........ ३४
५.४.४ विद्युत र उर्जा ........ ३४
५.४.५ खानेपानीको अवस्था ........ ३५
५.४.६ स्वास्थ्य ........ ३५
५.४.६ शिक्षा ........ ३५
५.४.७ आर्थिक अवस्था तथा रोजगारी ........ ३६
**अध्याय छ : प्रस्ताव कार्यान्वयनका विकल्पहरु ........ ३७**
६.१ प्रस्ताव कार्यान्वयन नगर्ने ........ ३७
६.२ प्रस्तावका विकल्पहरु ........ ३७
६.२.१ वैकल्पीक क्षेत्र ........ ३७
६.२.२ उत्खनन्/संकलन प्रकृया र समय तालिका ........ ३८
६.२.३ वैकल्पीक श्रोत ........ ३८
६.५ वैकल्पिक वातावरणीय व्यवस्थापन ........ ३८
**अध्याय सात : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन ........ ४०**
**अध्याय आठ : वातावरणीय व्यवस्थापन योजना ........ ४०५**
८.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु ........ ४३
८.१.१ नगरपालिका ........ ४३
८.१.२ प्रदेश सरकार ........ ४३

८.१.३ जिल्ला समन्वय समिति ........ ४४
८.१.४ जिल्ला अनुगमन तथा समन्वय समिति ........ ४४
८.१.५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ........ ४४
८.१.६ डिभिजन तथा सव डिभिजन वन कार्यालय ........ ४५
८.१.७ सरोकारवालाहरु तथा समुदायमा आधारित सँघ संस्थाहरु ........ ४५
८.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका ........ ४९
८.३ अनुगमन र न्युनिकरणको खर्चको विवरण ........ ५०
८.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप ........ ५०
**अध्याय नौ : निष्कर्ष एवं प्रतिबद्धता ........ ५२**
९.१ निष्कर्षहरु ........ ५२
९.२ प्रतिवद्धता ........ ५३
सन्दर्भ सामाग्रीहरु ........ ५३

# तालिका सूची


तालिका नं. १ : उत्खनन् क्षेत्रको विवरण ........................................................................११

तालिका नं. २ : संकलन/उत्खनन् गरिने परिमाणको आँकलन......................................................

तालिका नं. ३ : प्रमुख वनस्पति तथा जन्तुहरुको वैज्ञानिक नाम ..................................................२९

तालिका नं. ४ : हाल कायम भएको वडा अनुसारको जनसङख्या वितरण ....................................३१

तालिका नं. ५ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कनको म्याट्रिक्स ........................................ ४०

तालिका नं. ६ : सकारात्मक प्रभावको बढोत्तरीकरणका लागि ‘म्याट्रिक्स’ .................................. ४५

तालिका नं. ७ : नकारात्मक प्रभावको न्यूनिकरणका लागि ‘म्याट्रिक्स’....................................... ४७

तालिका नं. ८ : प्रभाव क्षेत्रको अनुगमन, सुचक, तरिका तथा समय तालिका........................... ४९

तालिका नं. ९ : वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरु र सम्बन्धित निकाएको क्षेत्राधिकार ........................................................................................ ५१

# अनुसूची


अनुसुची १ : परीक्षण सुची ..................................................................................................... ५७

अनुसुची २ : नगरपालिकाबाट प्रकाशित सार्वजनिक सूचना ............................................................ ६३

अनुसुची ३ : स्वीकृत कार्यसुची ........................................................................................... ६४

अनुसुची ४ : उत्खनन् तथा संकलन क्षेत्रका तस्विरहरु ............................................................ ७३

अनुसुची ५ : प्रस्ताव क्षेत्रको नक्शाहरु ..................................................................................... ७५

अनुसुची ६ : IEE अध्ययनमा संलग्न विज्ञहरु ............................................................................ ७६

अनुसुची ७ : IEE प्रतिवेदन सिफारिस समितिले दिएका अनिवार्य कार्यान्वयन गर्नु गराउनु पर्ने सुझावहरु ........................................................................................................................ ७७

# कार्यकारी सारांश

## परिचय

लहान नगरपालिकाले आफ्नो क्षेत्र भित्रको बलान नदीप्रणाली अन्तगरगतको बलान, खुट्टी नदी तथा सर्रे खोला बाट ढुंगा, वालुवा, गिट्टी, रोडा इत्यादीको संकलन तथा उत्खनन् कार्य गर्नको लागि यो प्रस्ताव तयार गरेको छ । नगरपालिका भित्रको प्रस्तावित बलान नदीप्रणाली बाट ढुंगा, वालुवा, गिट्टी संकलन कार्य गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी दीगो रुपमा ढुंगा, गिट्टि, बालुवा संकलनमा टेवा पुऱ्याउनु यस प्रारम्भीक वातावरणिय परिक्षण (IEE) अध्ययनको प्रमुख उद्देश्य हो । प्राकृतीक रुपमा नदी तथा खोलामा पाइने ढुंगा, वालुवा, गिट्टी, दिगो रुपमा संकलन तथा उत्खनन् गर्दा नगरपालिकाको राजस्व संकलन तथा आर्थिक विकासमा टेवा पुग्दछ । यसरी बालुवा, गीट्टी र ढुङ्गा उत्खनन् कार्य गर्दा उत्खनन् क्षेत्र वरपर वातावरणिय असरहरु पर्दछन । वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ अनुसार प्रतिदिन ५०० घन मीटरसम्म तथा लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ अनुसार एउटा नाकाबाट अधिकतम रुपमा दैनिक ३०० घन मीटर सम्म बालुवा, गीट्टी र ढुङ्गा निकाल्ने अवस्थामा खोला तथा नदिहरुको प्रारम्भीक वातावरणिय परिक्षण गर्नुपर्ने प्रावधान अनुसार उक्त उत्खनन् कार्य वाट हुन सक्ने वातावरणिय जोखिम न्यूनिकरणको लागि यस (IEE) अध्ययन कार्य गरिएको हो ।

प्रस्तावित उत्खनन् क्षेत्र बलान नदीप्रणाली अन्तरगत लहान बजारबाट उत्तर देखि दक्षिण सम्मको बिभिन्न स्थानमा फैलिएको छ दुबै नदीको कूल लम्वाई करिब ४५०० मि रहेको छ भने चौडाई न्यूनतम ५० दखि अधिकतम १४० मीटर सम्म रहेको छ भने ०.६ मीटर सम्मको गहिराईमा उत्खनन् गर्न सकिने अध्ययनले देखाएको छ । यस प्रस्तावित खोलाको ढुंगा, वालुवा र गिट्टीको कुल परीमाण २५६५०० घ.मि. रहेको छ, जस मध्ये तथा लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ को अनुसूची १ मा एउटा खोलाको एक नाका बाट दैनिक ३०० घन मीटर सम्म मात्र नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने र वास्तविक रुपमा पनि साधारण हाते औजारबाट उक्त परिमाणमा उत्खनन् गर्न मुस्किल पर्न जान्छ यसका साथै बिभिन्न मौसमि प्रतिकुलता, बन्द हडताल तथा अन्य अवरोधका कारण कतिपय दिनहरुमा उत्खनन् तथा संकलन कार्य बन्द हुने तथा नदीप्रणाली को बहाव तथा बेड लेबलमा प्रतिकूल प्रभाव पर्न नदिनका लागि समेत प्राबिधिक रुपमा आकलन गरिएको परिमाणको ७० प्रतिशत मात्र उत्खनन् गर्न सिफारिस

गरिएको छ जस अनुसार बार्षिक रुपमा १७९५०० घन मीटर नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न सकिने छ ।

## प्रस्तावको प्रमुख विशेषताहरु

| | |
|---|---|
| संकलन/उत्खनन विधि | सामान्य हाते औजार वा कामदार प्रयोग गरी उत्खनन् गर्न पाइने |
| संकलन/उत्खनन ढुवानी काममा प्रयोग हुने सामाग्री वा मेशीनरी | टिपर, भाडाका ट्र्याक्टर ट्रक आदि |
| संकलन/उत्खनन गरीने अबधि | बर्षायाम बाहेक (असोज १ गते देखि जेष्ठ मसान्त सम्म, २७० दिन प्रति वर्ष) |
| प्रस्ताव अर्न्तगतका कार्यहरु | संकलन, उत्खनन् र ढुवानी |
| IEE प्रतिवेदनको वैधानिकता | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्ष सम्म |
| उत्खनन् गर्न सकिने समय | बिहान सुर्योदय देखी बेलुका सुर्यास्त सम्म |
| प्रतिदिन उत्खनन् गर्न मिल्ने परिमाण | ६६५ घन मिटर (दुबै नदी बाट) |

## प्रस्ताव क्षेत्रको अवस्थिति

भौगोलिक अवस्थिति हेर्दा ८६°४९’५५” पुर्वी देशान्तर र २६°४८’७३” उत्तरी अक्षांशमा अवस्थित यस लहान नगरपालिका मधेश प्रदेश को सिरहा जिल्लामा रहेको एउटा धार्मिक, व्यवसायिक तथा औद्योगिक क्षेत्र हो। यस प्रस्ताव अर्न्तगत उत्खनन र संकलनका स्थलहरु पुर्व पश्चिम राजमार्गका बलान नदीप्रणाली को उत्तर पश्चिम तथा दक्षिण तर्फ लहान नगरपालिका वडा न. १४, १५, १६, १७ १८, १९, २३ र २४ मा पर्ने बलान नदीप्रणाली का वगरहरु पर्दछन् ।

## भौतिक वातावरण

यो नगरपालिकको उत्तरमा लगभग ४०० मीटर अग्लो चुरे पर्वत श्रेणी देखि दक्षिणमा ९० मीटर सम्मको होचो तराई मधेशको भूभाग फैलिएको छ। उत्तर दक्षिण लगभग ३० किलोमीटर लम्बाई र पूर्व पश्चिम १० किलोमीटरको चौडाईमा फैलिएको यो नगरपालिकाले कुल क्षेत्रफल १६७.१७ वर्ग कि.मी. ओगटेको छ भने यस नगरपालिकाको उत्तरमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका, पश्चिमतिर सिरहा जिल्लाको धनगढीमाई नगरपालिका, दक्षिणमा सखुवा नानकरकट्टी र लक्ष्मीपुर पतारी गाँउपालिका तथा रहेको छ भने पूर्वमा सप्तरी जिल्लाको सुरुंगा नगरपालिका रहेका छन्। यस

नगरपालिकाको सिमाना भित्र स्पष्ट देखिने चुरे श्रेणीबाट बग्ने ससाना खोल्सा, खोला र सेता बालुवा सहितका बगर क्षेत्र देख्न सकिन्छ। माथिल्लो भाग सम्वेदनशील भू बनावट भएको चुरे पर्वत श्रेणीका कारण त्यहाँबाट प्रशस्त ढुंगा, गेगर, बालुवा, माटो बर्षातको समयमा पानीले समथर तराई तिर बगाएर ल्याउने गर्दछ। जस कारण माथिल्लो चुरे भागमा भुक्षय तिब्र छ भने तल्लो भागमा निक्षेपण र बाढीको जोखिम समेत देखिन्छ।

## अध्ययन विधि

यस प्रारम्भिक वातावरणीय परीक्षण, वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ एवं लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ मा व्यबस्था भएका प्रक्रियाहरु पालन गरि अध्ययन तथा तयारी गरिएको हो। जस अनुसार प्राथमिक तथा द्वितीय सुचना तथा तथ्याँकहरुको संकलन तथा विश्लेषण, उत्खनन क्षेत्रको स्थलगत भ्रमण, अवलोकन तथा नापजाँच, स्थानीय जनसमुदायहरु तथा वडा/नगर प्रतिनिधीहरु सँग प्रस्तावको बारेमा छलफल तथा जानकारी र प्रभावित वर्ग सँग अन्तरक्रिया लगायतका कार्यहरु सम्पन्न गरियो। स्थलगत भ्रमण तथा अवलोकनबाट प्राथमिक स्तरका भौतिक तथा जैविक वातावरणीय जानकारी र तथ्याँक संकलन गरियो भने सामाजिक आर्थिक जानकारी राष्ट्रिय जनगणना २०६८ र २०७८ को प्रारम्भिक प्रतिवेदन तथा लहान नगरपालिकाको नगर प्रोफाईल बाट साभार गरिएको छ।

## वर्तमान वातावरणीय अवस्था

### वातावरणीय प्रभाव

#### सकारात्मक भौतिक प्रभाव

यस प्रस्ताव वा अध्ययन अनुसार बैज्ञानिक र ब्यवस्थित विधिद्वारा ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्ने हुँदा त्यस्ता खोलाको सतह (वेड लेभल) नवढ्ने हुनाले नदीवाट पानि वाहिरी वस्ती तथा खेतीयोग्य क्षेत्रमा नजाने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन् कार्य गरिने हुदा त्यसबाट खोला किनार समेत सुरक्षित रहनेछ।

#### सकारात्मक आर्थिक प्रभाव

यस प्रस्तावले गर्दा सो क्षेत्रमा रहेको स्थनिय जनसमुदायलाई रोजगारको अवसर प्राप्त हुनेछ र साथै आवतजावत गर्नको लागी सडकको स्तरउन्नती हुने हुँदा अन्य प्रयोगका लागि समेत सहजता आउने देखिन्छ। यस प्रतिबेदनले सिफारिस गरे अनुसारको परिमाणमा बलान नदीप्रणाली वाट उत्खनन् गरिने

ढुंगा, गिट्टि, बालुवा आदिको दर रेट रु ३।०० प्रति फीट (नगरकार्यपालिकाले निर्धारण गरेको दर रेट) कायम गर्दा सो विक्रिवाट प्राप्त हुने कुल राजश्व रकम करिब रु १९०,००,०००।०० सम्म प्राप्त हुने देखिन्छ तर परीक्षण प्रतिवेदनले आँकलन गरेको कुल राजश्व नगरपालिकाले ठेक्का लाँउदा बढ्न वा घट्न पनि सक्नेछ । यस परियोजनाबाट संकलन गरिएको रकम स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्ने तथा एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन, वातावरण संरक्षण शिक्षा, स्वास्थ्य, खानेपानी र सडक जस्ता क्षेत्रहरुमा लगानी गर्न सकिन्छ ।

### नकारात्मक भौतिक प्रभाव

निर्धारित मापदण्ड नअपनाई उत्खनन् गरेको खण्डमा खोलाको सतह गहिरिदा र वहाव परिवर्तन हुँदा खेती योग्य जमीनमा पर्याप्त मात्रामा सिँचाइ नहुने अवस्था सिर्जना हुने तथा बाढीले कटान गर्ने जोखिम बढ्न सक्छ । संकलन कार्य गर्ने स्थान तथा ढुवानी गर्दा प्रयोग गर्ने कच्ची बाटोको वरपर सवारी साधनको बृद्धिले गर्दा धुँवाधुलोको कारण वायु एवं ध्वनी प्रदुषण समेत वढ्छ । ढुङ्गा, गिट्टि, तथा बालुवा जन्य पदार्थहरुलाई प्रशोधन गर्नु अघि धेरै समयसम्म निश्चित ठाउँमा मौज्दात राखिने हुँदा त्यस वरपरको वातावरणमा नकरात्मक असर पर्न सक्दछ । जस्तै हावाहुरीमा धुलो तथा वालुवाका कणहरु उड्ने तथा संकलन/उत्खनन् कार्यको समयमा खोला किनारमा कामदारको वृद्धिले फोहरमैलाको प्रदुषण वढ्न सक्छ। ढुवानीका सवारी साधन आवत जावतमा वृद्धि हुनाले संकलन/उत्खनन् क्षेत्र वरपर इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट वढी जल तथा माटो प्रदुषण बढ्न सक्छ ।

### नकारात्मक जैविक प्रभाव

प्रस्तावित कृयाकलापहरु तथा गाडीको आवतजावतले उत्पन्न गरेको धुलो, धुँवा, ध्वनी र पानी प्रदुषणका कारण माछा एवं जलचर तथा अन्य वन्यजन्तुमा नकरात्मक हानी पर्न सक्ने एवमं कामदारको अवैध चोरी शिकारीले गर्दा वन्यजन्तुको संख्या तथा वासस्थानमा प्रभाव पार्ने देखिन्छ ।

### सामाजिक आर्थिक एवं सांस्कृतिक प्रभाव

खेतीयोग्य जग्गा संकलित ढुंगा, गिट्टी, वालुवा जस्ता पदार्थ र गाडी तथा सामाग्रीहरुको भण्डारणका लागि प्रयोग भई उत्पादनशिल भुमि खेर जाँदा सामाजिक रुपमा कृषिमा आश्रित स्थानीयहरुको जिविकोपार्जनमा सहयोग पुग्न सक्छ । कामदारले बसोबासको लागि शिविर स्थल निर्माण गरी वस्दा

तथा सामाग्री स्थापित गर्दा समेत सामाजिक तथा सांस्कृतिक वातावरणमा नकरात्मक प्रभाव पार्न सक्छ ।

## रोकथामका उपायहरु

प्रस्तावित नदीप्रणाली बाट वालुवा, गीट्टी र ढुङ्गा निकाल्ने कार्यमा खोलाको बहावमा कुनै प्रकारको असर पुग्ने गरि कार्य गर्न पाइने छैन भने नदी किनारा लाई प्रभाव पर्ने गरि उत्खनन् र संकलन पनि गरिने छैन । ठुला खाल्टाहरु खनिने छैन साथै खनिएका खाल्टाहरुलाई समेत व्यवस्थित गरिने छ । स्थानिय स्तरमा आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक र जैविक वातावरणमा पर्ने नकरात्मक असरहरुको न्यूनिकरणका लागि निर्धारित मापदण्ड हरु कडाइका साथ अवलम्वन गरिनेछ । उत्खनन् र संकलन कार्य बाट उत्सर्जन हुने वायु, जल, माटो तथा ध्वनी प्रदुषण नियन्त्रण र फोहर ब्यवस्थित तरिकाले व्यवस्थापन गरिने छ । समय समयमा सम्बन्धित निकाय बाट सार्थक अनुगमन गरिने छ ।

## वातावरणिय व्यवस्थापन योजना र अनुगमन

यो प्रतिवेदनमा प्रस्तावित कृयाकलापको मापदण्ड, कार्ययोजना, व्यवस्थापन, अनुगमन तथा मुल्याङ्कनका कार्यहरु प्रस्ट रुपमा तालिकामा राखिएको छ । उक्त तालिका बमोजिम प्रस्ताव कार्यान्वयन गर्दा वातावरणिय प्रभाव तथा जोखिम न्युनीकरण गर्न मद्दत पुग्ने छ । यो कार्ययोजनालाई कार्यान्वयन गर्ने सरोकारवाला निकायहरु जिल्ला समन्वय समिति सिरहा, लहान  नगरपालिका, सरोकारवाला उपभोक्ता समुह, कन्ट्र्याक्टर तथा कामदारहरु हुन् । कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकायहरुले समय समयमा प्रभावकारी अनुगमन गर्ने छन् ।

## निष्कर्ष तथा सुझावहरु

लहान नगरपालिकाको बलान नदीप्रणाली को वगर क्षेत्रवाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन् कार्य सञ्चालन गर्नको लागि यस प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गरिएको हो । प्रस्तावित उत्खनन, संकलन तथा वितरण कार्यबाट वातावरणमा पर्न सक्ने सम्भावित प्रभावको पहिचान, विश्लेषण तथा रोकथामका उपायहरु पेश गरेको छ । प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनले प्रस्ताव कार्यन्वयनवाट न्यून मात्रामा नकारात्मक वातावरणीय असरहरु सृजना गर्ने कुरालाइ इंगित गरेको छ । तर वैज्ञानिक तथा दिगो तरिकाद्धारा उत्खनन् तथा संकलन नहुँदा र सदुपयोग हुन नसक्दा यसले विभिन्न विपरित असरहरु सृजना गर्दछ, जस अन्तर्गत बाढी, पहिरो, भौतिक संरचनामा क्षति तथा मानिसको ज्यान समेत लिन सक्छ । प्रस्ताव कार्यन्वयनबाट निर्माणका

लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा स्थानीयस्तरमै उपलब्ध हुने तथा स्थानीय बासिन्दाले रोजगारी पाउनुका साथै नगरपालिकाको राजश्वमा उल्लेख्य वृद्धि हुने देखिन्छ। प्राकृतिक रुपमा सिर्जना हुने यी सम्पदाहरुको समुचित उपयोग, व्यवस्थापन तथा सँरक्षण गर्नु पर्नेछ। यो प्रस्ताव कार्यन्वयन गर्दा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढि देखिएकाले प्रभावहरुलाई न्युनिकरण गर्ने तथा उल्लेखित कार्यहरु गर्ने, गराउने सर्तमा अनुमोदनको लागी प्रस्ताव सिफारिश गरिएको छ।

- उत्खनन् कार्य सुरु हुनु अघि सम्पुर्ण सरोकारवालालाई (नगरपालिकाका सम्वन्धित कर्मचारी, जनप्रतिनिधिहरु, ठेकदार, तथा स्थानिय वासीहरु आदी) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरण संरक्षण सम्बन्धी जानकारी गराउनु पर्नेछ।
- उत्खनन् कार्यका सम्बन्धमा नगरपालिकाबाट नियमित रुपमा अनुगमन गर्नु गराउनु पर्नेछ।
- संकलन गरिएको राजस्व अनुपातको न्यूनतम रुपमा पनि ५ प्रतिशत रकम वरपरका बस्ती तथा बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने कार्यमा खर्च गर्नु पर्नेछ।
- व्यवस्थापन तथा अनुगमन योजनामा दिइएका रोकथाम तथा न्युनिकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गर्नु पर्नेछ।
- ठेक्का संम्झौतामा उल्लेख भएको परीमाण, स्थान, तथा ढुवानी आदीको नियमित अनुगमन गर्ने।
- प्रत्येक वर्ष वर्षायाम पछि थुप्रीएका ढुगां, वालुवा तथा गिट्टिको परीमाण नाप जाचँ गरि अभिलेख राख्ने र ठेकेदारले वर्षमा कुन स्थानवाट कति परीमाणमा संकलन गऱ्यो त्यसको अभिलेख राख्ने।
- उत्खनन् तथा संकलन कार्य गर्दा गराउदा नदीप्रणाली तट, पुल कल्भर्ट तथा अन्य सार्वजनिक संरचनाहरुको सुरक्षा तथा संरक्षणमा बिशेष ध्यान दिनु पर्नेछ।

### अध्याय : एक

# परिचय

## १.१ प्रस्तावको नाम

लहान नगरपालिकाले नगरपालिका क्षेत्र भएर बहने बलान नदीप्रणाली अन्तगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाहरु वाट ढुंगा, वालुवा, गिट्टी, रोडा इत्यादीको संकलन तथा उत्खनन् कार्यको कार्यान्वयनको लागि प्रस्ताव पेश गरेको छ। प्राकृतीक रुपमा नदीप्रणाली, खोलामा पाइने ढुंगा, वालुवा, गिट्टीको दिगो रुपमा उत्खनन् तथा संकलन गर्दा एकातर्फ नगरपालिकाको राजस्व संकलनमा टेवा पुग्दछ भने अर्को तर्फ खोला नजिक रहेका गाँउवस्ती तथा खेती योग्य जमिनमा बाढिका कारण वाट हुने जोखिम लाई न्युनिकरण गर्दछ।

## १.२ प्रस्तावकको नाम र ठेगाना

प्रस्तावकको पुरा नाम र ठेगाना निम्न अनुसार छ।

प्रस्तावकको पुरा नाम र ठेगाना : लहान नगरपालिका<br>
नगर कार्यपालिकाको कार्यालय<br>
सिरहा<br>
मधेश प्रदेश, नेपाल

## १.३ IEE प्रतिवेदन तयार पार्ने संस्था

RB Engineering Consultancy<br>
Khadak Municipality, Saptari<br>
Madhesh Province, Nepal

## १.४ प्रस्तावको पृष्ठभुमि

लहान नगरपालिका भएर बग्ने बलान नदीप्रणाली बाट विगतमा पनि बिभिन्न किसिमका निर्माण सामग्रीहरु ढुंङ्गा, वालुवा र गिट्टीहरु उपलब्ध हुँदै आईरहेका छ। यसरी संकलन गरिएको निमार्ण सामग्रीहरु स्थानीय बासीन्दाहरुको मानवीय आवश्यकता अनुसार व्यक्तिगत संरचना निर्माण गर्ने साथसाथै अन्य विकास निर्माणका कार्यहरु पुल, बाटो, भवन आदिको निर्माणका लागि प्रयोग हुँदै

आइरहेको छ । वातावरणीय प्रभाव अध्ययन नगरीकन तथा अवैज्ञानिक र अव्यवस्थित तवरमा उत्खनन कार्यहरु हुँदा वातावरणमा विभिन्न प्रकारका नकारात्मक असर पर्ने कुरा सर्वविदितै छ। यसकारण, यसरी प्राकृतिक रुपमा उपलब्ध हुने ढुङ्गा, गिट्टी र वालुवाका दिगो र वैज्ञानिक तरिका बाट वातावरणमा न्युनतम प्रतिकुल प्रभाव पर्ने गरि उत्खनन गर्दा एकातिर स्थानीय माग परिपूर्ति हुनुका साथै वातावरणमा पनि न्युनत्तम नकारात्मक असर पर्ने हुनाले लहान नगरपालिकाले बलान नदीप्रणाली को वगरक्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको उत्खनन् तथा संकलन कार्य संचालन गर्ने योजना वनाएको हो । सोही प्रस्ताव सञ्चालनको लागि वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ एवं लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ ले निर्देशन गरे बमोजिम उत्खनन/संकलन कार्य गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गरिएको हो। यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगर कार्यपालिकाबाट स्वीकृत कार्यसूची (अनुसुची ३) को आधारमा तयार गरिएको हो । यस योजना अर्न्तगत उत्खनन र संकलनको लागि प्रस्ताव क्षेत्र पुर्व पश्चिम राजमार्गमा अवस्थित लहान बजारबाट उत्तर पश्चिम तथा दक्षीण तर्फ लहान नगरपालिका नं १४, १५, १६, १७ १८, १९, २३ र २४ मा पर्ने बलान नदीप्रणाली का वगरहरु पर्दछ । वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली अनुसार एक नाकाबाट दैनिक ३०० घन मिटर सम्म संकलन सकिने भएता पनि उक्त क्षेत्रमा उपलब्ध परिमाण अनुसार दैनिक रुपमा कति घन मीटर सम्म उत्खनन् तथा निर्यात गर्न सकिन्छ सो का लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रस्ताव गरीएको हो ।

## १.५ प्रारम्भिक वातावरणीय परिक्षण IEE को उद्देश्यहरु

नगरपालिका भित्रको प्रस्तावित बलान नदीप्रणाली बाट ढुंगा, वालुवा, गिट्टी संकलन कार्य गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक, सामाजिक तथा सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी बलान नदीप्रणाली बाट दीगो रुपमा ढुंगा, गिट्टि, बालुवा संकलनमा टेवा पुऱ्याउनु यस (IEE) अध्ययनको प्रमुख उद्देश्य रहेको छ । अन्य उद्देश्यहरु निम्मानुसार रहेका छन् ।

- प्रस्ताव कार्यान्वयनस्थलको जैविक, भौतिक, रसायनिक तथा सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्थितिको पहिचान गरी तिनको लेखाजोखा गर्ने ।
- जथाभावी उत्खनन् तथा संकलन कार्यबाट हुन सक्ने वातावरणीय प्रभावहरु जस्तै खोलाको वहाव परिवर्तन, भुक्षयका साथसाथै अन्य भौतिक, सामाजिक सम्पत्तिहरुमा

हुनसक्ने हानी नोक्सानी न्युनिकरण हुने गरि वातावरण मैत्री रुपमा ढुङ्गा, गिट्टी र वालुवा संकलन तथा व्यवस्थापन गर्नको लागि खाका पेश गर्ने ।

- उत्खनन् कार्य बाट हुने अनुकुल प्रभावहरुको अभिबृद्धि तथा प्रतिकुल प्रभावहरुको न्यूनिकरणका उपायहरुको बारेमा सुझाव दिने ।
- ढुंगा, ग्रावेल, बालुवा संकलनको लागि उपयुक्त स्थानको पहिचान गर्ने र वार्षिक उत्पादन क्षमता पत्ता लगाउने ।
- प्रस्तावका क्रियाकलापहरुको दिगोपनाको लागि वातावरणीय व्यवस्थापन योजना र अनुगमन योजना तर्जुमा गर्ने ।
- सम्बन्धित सरोकारवालाहरुलाई प्रस्तावको वातावरणीय पक्षको बारेमा जानकारी गराउने ।
- स्थानीय स्तरमा आय आर्जन वृद्धि गराउने गरि स्थानीय विकासका आवश्यकतालाई सम्वोधन गर्न प्रयत्न गर्ने ।
- प्रयोग नभई रहेका प्राकृतिक सम्पदाबाट स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।
- प्रस्तावका विभिन्न विकल्पहरुको बारेमा विश्लेषण गर्ने

## १.६ प्रस्तावको औचित्यता

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को अनुसुचि २ (ग) मा खानी क्षेत्र अर्न्तगतको नदि सतहवाट दैनिक ५०० घन मिटर सम्म ढुंगा, गिट्टी, वालुवा, मिस्कट आदि निकाल्ने प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। यसका साथै लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ को अनुसूची १ मा एउटा नदीको एक स्थानबाट दैनिक ३०० घन मीटर भन्दा बढि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्नका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रावधान रहेको छ। प्राकृतीक श्रोतहरुको उपयोग गर्दा वातावरणमा पर्न सक्ने अनुकुल प्रभावलाई वढोत्तिकरण गर्ने तथा प्रतिकुल प्रभावहरुलाई निरोधात्मक तथा उपचारत्मक प्रभाव न्युनिकरण विधिहरु अपनाएर हटाउन वा न्युनीकरण गर्न, उक्त कार्यको वातावरणीय अनुगमन गर्न र प्रस्तावको कार्यान्वयन चरणलाई व्यवस्थित गरी व्यवस्थापन योजना तयार गर्न प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गरिएको हो ।

# अध्याय : दुई

# प्रस्तावको सामान्य परिचय

## २.१ प्रस्तावको प्रकार

यस प्रस्ताव अर्न्तगत उत्खनन र संकलनका स्थलहरु पुर्व पश्चिम राजमार्गको लहान बजारबाट एवं पश्चिम तथा दक्षिण तर्फ लहान नगरपालिका वडा नं १४, १५, १६, १७ १८, १९, २३ र २४ मा पर्ने बलान नदीप्रणाली अन्तरगतका बलान तथा खुट्टी नदी एवं सर्रे खोलाका वगरहरु पर्दछन् । संकलन गरिएका ढुंगा, गिट्टि, बालुवाले स्थानीय वासिन्दाको निर्माण कार्यको आवश्यकता पुरा गर्दछ भने यस कार्यलाई दिगो रुपमा निरन्तरत्ता दिनाले वातावरणमा पनि प्रतिकुल प्रभाव न्युनीकरण गर्न मद्दत पुग्ने देखिन्छ ।

## २.२ प्रस्तावको प्रमुख विशेषताहरु

| | | |
|---|---|---|
| क | प्रस्तावको नाम : लहान नगरपालिकाको बलान नदीप्रणाली अन्तरगतका बलान, खुट्टी नदीहरु तथा सर्रे खोला बाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन् | |
| ख | प्रस्तावको अवस्थिति: | |
| ग | प्रदेश | मधेश |
| घ | जिल्ला | सिरहा |
| ङ | नगरपालिका | लहान |
| च | संकलन र उत्खनन क्षेत्र | बलान नदीप्रणाली अन्तरगतका बलान, खुट्टी नदी तथा सर्रे खोलाको बगरक्षेत्र |
| छ | सकलन/उत्खनन विधि | सामान्य हाते औजार वा कामदार प्रयोग गरी उत्खनन् गर्न पाइने |
| ज | सकलन/उत्खनन ढुवानी कायमा प्रयोग हुने सामाग्री वा मशीनरी | टिपर, भाडाका ट्र्याक्टर ट्रक आदि |
| झ | संकलन /उत्खनन गरीने अबधि | बर्षायाम बाहेक (असोज १ गते देखि जेष्ठ मसान्त सम्म २७० दिन प्रति वर्ष) |
| ञ | जम्मा भएको परिमाण | २५६५०० घ.मि |
| ट | उत्खनन् गर्न सकिने परिमाण | १७९५०० घ.मि |
| ठ | प्रस्ताव अर्न्तगतका कार्यहरु | संकलन, उत्खनन् र ढुवानी |

| | | |
|---|---|---|
| ड | IEE प्रतिवेदनको वैधानिकता | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ वर्ष सम्म |
| ढ | उत्खनन् गर्न सकिने समय | बिहान सुर्योदय देखी बेलुका सुर्यास्त सम्म |
| ण | प्रतिदिन उत्खनन् गर्न मिल्ने परिमाण | ६६५ घ.मि (दुबै नदी बाट) |
| त | उत्खनन् गर्न मिल्ने औसत गहिराइ | ०.६ मि. |

## २.३. प्रस्तावको विवरण

### २.३.१ प्रस्तावको उद्देश्य

यो प्रस्तावको प्रमुख उद्देश्य सिरहा जिल्लामा पर्ने लहान नगरपालिकाको बलान नदीप्रणाली अन्तरगतका बलान तथा खुट्टी नदी र सर्रे खोला बाट दिगो रुपमा ढुंगा, वालुवा तथा गिट्टी उत्खनन् तथा संकलन गर्नु हो । प्रस्तावका अन्य उद्देश्यहरु यस प्रकार रहेका छन ।

- जथाभावी उत्खनन संकलनबाट हुनसक्ने वातावरणीय प्रभावहरु जस्तै खोलाको वहाव परिवर्तन, भु-क्षय का साथसाथै अन्य सामाजिक सम्पत्तिहरुमा हुनसक्ने हानी नोक्सानी नहुने गरि वातावरण मैत्री रुपमा ढुङ्गा, गिट्टी र वालुवा संकलन, आपूर्ति र ब्यवस्थापन गर्ने
- प्रयोग नभई रहेका प्राकृतिक सम्पदाबाट नगरपालिकाको अर्थतन्त्रमा योगदान पुऱ्याउने ।
- स्थानीय स्तरमा आय आर्जन वृद्धि गरि स्थानीय विकासका आवश्यकतालाई सम्वोधन गर्ने
- स्थानीय बासिन्दाहरुमा बैकल्पिक रोजगारीको अवसर सृजना गर्ने ।

### २.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति तथा उत्खनन एवं संकलन गर्न सकिने परिमाणको आकलन

लहान नगरपालिका अन्तरगत भएर बहने बिभिन्न नदीनाला तथा खोलाहरु मध्ये बलान नदीप्रणाली बाट ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको लागि पुर्व पश्चिम राजमार्गबाट उत्तर तथा दक्षिण तर्फ पर्ने बलान नदी प्रणाली मध्येको बलान तथा खुट्टी नदीका बिभिन्न क्षेत्र हरु निर्धारण गरिएको छ । नदीमा रहेका पुलबाट उत्तर तथा दक्षिण दुबै तर्फ ५०० मीटरको क्षेत्रलाई छोडेर तोकिएको गहिराई सम्म उत्खनन् गर्न सकिने छ । यस नदी प्रणाली अन्तरगत पर्ने नदीहरुका निम्न लिखित स्थानहरुबाट संकलन तथा उत्खनन् गर्न सकिने छ, जुन स्थानहरु हाल लहान नगरपालिकाको १४, १५, १६, १७ १८, १९, २३ र २४ नम्बर वडा मा पर्दछन् ।

तालिका नं. १ : उत्खनन् क्षेत्र तथा उत्खनन् परिमाणको विवरण

| क्र.स | उत्खनन् क्षेत्र | नदी | वडा नं | मौजुदा परिमाण (घन मी.) | उत्खनन् गर्न सकिने परिमाण (घन मी.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बस्तिपुर | खुट्टी | १४ | २६६५२ | १८६५६ | |
| २ | भदैया | खुट्टी | १८ | ७००४१ | ४९०२९ | |
| ३ | बिरनगर | खुट्टी | १५ | १६७६४ | ११७३४ | |
| ४ | ईटहर्वा | बलान | १९ | ४२९२३ | ३००४६ | |
| ५ | करैया | बलान | २३ | ८०५१ | ५६३६ | |
| ६ | बिहारपुर | बलान | १७ | ६५४८ | ४५८३ | |
| ७ | दौलतपुर | बलान | १७ | ६६८७० | ४६८०९ | |
| ८ | तरेगना | बलान | १६ | ७६५२ | ५३५६ | |
| ९ | रनाह क्षेत्र | सर्रे | २४ | ११००० | ७७०० | |
| | **कूल परिमाण** | | | २५६५०० | १७९५५० | |

*श्रोत: फिल्ड सर्वे २०७९*

बलान एवं सर्रे को खुट्टी तथा बलान नदीको उत्तर तथा दक्षीण दुबै तर्फका बिभिन्न ९ वटा नाकाहरु बाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न सकिने छ । यसरी माथि उल्लेख गरिएका ९ वटा नाकाहरुबाट २५६५०० घन मीटर नदीजन्य पदार्थ रहेकोमा दिगो रुपमा करिब उत्खनन गर्नका लागि सो परिमाणको ७० प्रतिशत मात्र सिफारिस गरिएको छ जस अनुसार बार्षिक रुपमा १७९५५० घन मीटर उत्खनन् गर्नका लागि प्रस्ताव गरिएको छ। हाल नगर कार्यपालिकाबाट निर्णय भएको प्रति घन फीटको रु ३।०० को दर अनुसार यस खोलाबाट नगरपालिकालाई न्यूनतम रुपमा पनि करिब रु १९००००००।०० राजश्व प्राप्त हुने देखिन्छ। यद्यपी नगर कार्यपालिकाले दर परिवर्तन गरेमा वा ठेक्क लगाउदा प्रतिश्पर्धा भएमा यो अनुपातमा अझ बृद्धि हुन सक्ने देखिन्छ। उपरोक्त नाकाहरु बाट दैनिक रुपमा न्यूनतम ६० देखि अधिकतम १२० घन मीटर सम्म गरि कूल ६६५ घन मीटर सम्म उत्खनन् गर्नका लागि प्रस्तावित गरिएको छ।







चित्र नं. १ : उत्खनन् क्षेत्रको गुगल नक्शा

### २.३.३ प्रस्तावित क्षेत्रमा यातायातको पहुँच

उत्खनन क्षेत्रको पहुँचको हकमा सबै उत्खनन् क्षेत्रमा यातायातको पहुँच रहेको छ । यातायात पहुँचको लागि पुर्व पश्चिम राजमार्ग तथा अन्य बिभिन्न सहयक मार्गहरु रहेका छन् ।

### २.३.४ प्रस्तावको क्षेत्र निर्धारण

प्रस्तावित उत्खनन क्षेत्र मध्ये वातावरणीय हिसावमा उच्च प्रभाव क्षेत्रमध्यम प्रभाव क्षेत्र र न्यून प्रभाव क्षेत्रगरि क्षेत्र निर्धारण गरिएको छ ।

**उच्च प्रभाव क्षेत्र :** उत्खनन क्षेत्र तथा त्यसको २०० मिटर परिधि सम्मको क्षेत्रलाई उच्च प्रभाव क्षेत्रको रुपमा छुट्याइएको छ । जहाँ उत्खनन कार्य, पश्चात ति सामाग्रीहरु मौज्दातको रुपमा राख्ने गरिन्छ ।

**मध्यम प्रभाव क्षेत्र :** उत्खनन क्षेत्र तथा त्यसको २०० मिटर देखि ५०० मिटर परिधि सम्मको क्षेत्रलाई मध्यम प्रभाव क्षेत्रको रुपमा छुट्याइएको छ । जहाँ कामदारहरुको अस्थायी टहराहरु तथा ढुवानीका साधनहरुको चहलपहल हुने गर्छ ।

**न्यून प्रभाव क्षेत्र :** न्युन प्रभाव क्षेत्रमा प्रत्यक्ष उत्खनन संकलनका कार्यहरु नहुने भएतापनि सामाजिक आर्थिक प्रभाव पर्नसक्ने कुरालाई मध्यनजर राखेर क्षेत्र निर्धारण गरिएको हो । मध्यम प्रभाव क्षेत्रबाट १ कि.मि. परिधि भित्र पर्ने क्षेत्र तथा बस्तीहरुलाई यस क्षेत्र भित्र सीमाङ्कन गरिएको छ ।

### २.३.५ संकलन/उत्खनन र ढुवानी (कार्य र विधि)

प्रस्तावित नदीप्रणाली बाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्दा मुख्यतया निम्न लिखित तरिकाहरु अपनाईने छ ।

- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढङ्गाँ, गिट्टी तथा वालुवा र भरौट संकलन/उत्खनन् गर्ने ।
- सामान्य हाते औजार वा कामदार प्रयोग गरी उत्खनन् गर्न पाइने ।
- खोलामा पानी भैरहेको वा वगिरहेको क्षेत्रवाट श्रोत ननिकाल्ने ।
- खोलाको धार परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने ।
- खोलाको पानीको सतहभन्दा गहिरो हुने गरी श्रोत उत्खनन नगरिने ।
- तोकिएको दैनिक परिमाण भन्दा बढी उत्खनन नहुने ।
- विद्यमान ऐन नियमको अधिनमा रही संकलन गर्ने ।
- ढुवानीको हकमा भाडाका ट्र्याक्टर, टिपरहरु प्रयोग गर्ने ।

उपरोक्त श्रोतहरु संकलन कार्य गर्दा समय, परिमाण आदि सबै विषयलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा संकलनकर्ता, ठेकेदार र कामदारहरु लाई तालिम दिएर मात्र संकलन गरिने छ। संकलन उत्खनन कार्यमा संलग्न हुने कामदारहरुको संख्या न्यून हुने तथा सकेसम्म स्थानीय व्यक्तिलाई रोजगारी दिने नीति अवलम्बन गरिने भएकोले संकलन क्षेत्रहरुमा कामदारहरुको लागि शिविर स्थल बनाउन आवश्यक नपर्ने देखिन्छ। त्यस्तै संकलन गर्दा खेरजाने बस्तुहरुको भण्डारण संकलन क्षेत्र वरिपरि सकेसम्म खेतीयोग्य निजी जमिनमा नपर्ने गरी अस्थायी रुपमा भण्डारण क्षेत्र स्थापना गर्नु पर्ने देखिन्छ। संकलन तथा उत्खनन् गर्न सकिने परिमाणको आँकलन माथि तालिकामा देखाइएको छ।

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को अनुसुचि २ (ग) मा खानी क्षेत्र अर्न्तगतको नदि सतहवाट दैनिक ५०० घन मिटर सम्म ढुंगा, गिट्टी, वालुवा, मिस्कट आदि निकाल्ने प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। यसका साथै लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ को अनुसूची १ बमोजीम दैनिक ३०० घन मीटर सम्म ढुंगा, गिट्टी, वालुवा, मिस्कट आदि निकाल्ने प्रस्तावको लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने कानुनी प्रावधान रहेको छ। जस अनुरुप यो प्रतिबेदन तयार गरिएको छ।

## २.४ संकलन/उत्खनन् गरिने परिमाणको प्राप्त हुने राजश्व

बलान नदीप्रणाली वाट उत्खनन् गरिने ढुंगा, गिट्टि, बालुवा आदिको दर रेट रु ३।०० प्रति घन फीट ( लहान नगरपालिकाको नगरकार्यपालिकाले निर्धारण गरेको दर रेट) कायम गर्दा कुल राजश्व प्राप्त हुने रकम रु १९००००००।०० परीक्षण प्रतिवेदनले आकलन गरेको कुल राजश्व नगरपालिका ले ठेक्का लाँउदा बढ्न वा घट्न पनि सक्नेछ। समय समयमा प्रदेश सरकारले खोला जन्य वस्तुको मुल्य परिवर्तन गर्न सक्छ साथै नगरपालिकाले ठेक्का प्रक्रियाका लागि खुला बोल पत्रको माध्ययम वाट प्रतिश्पर्धा भई अधिकतम कबोल अंकलाई आधार मानि निर्धारण हुनेछ। यसका साथै नदीजन्य पदार्थ बाट संकलन भएको राजस्व रकमको ४० प्रतिशत रकम बिभाज्य कोष मार्फत प्रदेश सरकारकारलाई हस्तान्तरण गर्नु पर्ने कानूनी प्रावधान समेत रहेको छ।

## अध्याय : तीन

# अध्ययन विधि

यस प्रारम्भिक वातावरणीय परीक्षण प्रस्ताव, नेपालको वातारण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ एवं लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ मा व्यबस्था भएका मापदण्ड र प्रक्रियाहरु अनुसरण गरि अध्ययन तथा तयार गरिएको हो । जस अनुसार प्राथमिक तथा द्वितीय क्रमका सुचना तथा तथ्याकंहरु अध्ययन तथा संकलन, उत्खनन क्षेत्रको स्थलगत भ्रमण, अवलोकन तथा नापजाँच, स्थानीय जनसमुदायहरु तथा आसपासका लक्षित वर्ग र नगरपालिकाका पदाधिकारीहरु सँग समेत छलफल तथा अर्न्तक्रिया गरिएको छ । स्थलगत भ्रमण तथा अवलोकन बाट प्राथमिक स्तरका भौतिक तथा जैविक वातावरणीय जानकारी संकलन गरियो भने सामाजिक आर्थिक जानकारी राष्ट्रिय जनगणना २०६८ तथा नगर प्रोफाइलबाट साभार गरिएको छ ।

## ३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण

### (क) कार्यालय अध्ययन तथा सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन

प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक पर्ने द्वितीय सुचना तथा तथ्याकँहरु सो सम्वन्धी उपलब्ध प्रतिवेदनहरु बाट अध्ययन गरियो । सामाजिक आर्थिक जानकारीहरु राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त गरियो । साथै नगर पार्श्व चित्र नगरपालिका बाट प्राप्त गरि प्रतिवेदनमा उल्लेख गरियो । सन्दर्भ सामग्रीको हकमा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तथा लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ राष्ट्रिय वातावरणीय प्रभाव मूल्यांकन निर्देशिका २०५०, वन पैदावार विक्री वितरण कार्यविधि निर्देशिका र नियमावली २०५६ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ आदि संकलन गरि अध्ययन गरिएको थियो ।

### (ख) नक्शाहरुको अध्ययन

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था, बलान नदीप्रणाली को अबस्थितिका साथै वन तथा वातावरणको जानकारी हासिल गर्नका लागि नापी विभागबाट प्रकाशित टोपो नक्शा

र जिल्ला समन्वय समितिको कार्यालय बाट उपलब्ध सन्दर्भ सामग्रीहरु समेत अध्ययन गरी विवरणहरुको जानकारी लिईएको थियो ।

## ३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त गर्नु पर्ने जानकारीहरु संकलन गर्नका लागि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धि आवश्यक सम्पुर्ण बुंदाहरु समावेश हुने गरी आवश्यकता अनूसार चेकलिष्टहरु निर्माण गरियो । स्वीकृत कार्यसूचीमा निर्दिष्ट गरिएका उच्च प्रभाव क्षेत्र (उत्खनन क्षेत्रबाट २०० मि. परिधि), मध्यम प्रभाव क्षेत्र (उत्खनन क्षेत्र तथा त्यसको २०० मिटर देखि ५०० मिटर परिधि) तथा न्यून प्रभाव क्षेत्र (मध्यम प्रभाव क्षेत्रबाट १ कि.मि. परिधि) हरुमा अध्ययन टोलीले निरीक्षण गरि भौतिक, सांस्कृतिक तथा जैविक वातावरण सम्बन्धी जानकारी हाँसिल गरिएको थियो । विशेषज्ञ टोलीले स्थलगत भ्रमण तथा अध्ययनका क्रममा नगरपालिकाका प्रतिनिधि, संस्थाका प्रतिनिधिहरु, स्थानिय क्लबअरु, सामाजिक संस्थाहरु, नागरिक समाज, र पार्टीका प्रतिनिधिहरुसंग भेटघाटका साथै प्रश्नावलीमा समूहगत छलफल गरी तथ्याङ्क संकलन कार्य गरियो । अध्ययनमा प्रयोग गरिएको चेकलिस्ट प्रश्नवलीलाई अनुसूचि १ मा राखिएको छ ।

### (क) जैबिक वातावरण सम्वन्धी तथ्याङ्क संकलन कार्य

प्रस्ताव क्षेत्रको स्थलगत भ्रमण तथा अध्ययनका क्रममा वनको किसिम र अबस्था, रुख तथा जीवजन्तु हरुको प्रजाती आदि बारे जानकारी संकलन गरी स्थानीय बासिन्दाहरुको भनाई बमोजिम पनि वन्यजन्तु तथा पशुपंक्षीहरु बारे टिपोट गरिएको थियो । प्रत्यक्ष रुपमा देखिएका एवम् अप्रत्यक्ष रुपमा पाईएका पदचिन्ह, प्वाँख, बिष्टा, आवाज आदिबाट जीबजन्तु पहिचान गरी सो को जानकारी हाँसिल गरिएको थियो । माछाका प्रजाति बारे माछा मार्ने स्थानीय व्यक्तिहरुबाट जानकारी संकलन गरिएको थियो । प्रस्ताब कार्यान्वयन हुने वन क्षेत्रहरुमा पाईने र आवत जावत गर्ने चरा र घस्रने प्रजातीका वन्यजन्तुहरुको बारेमा स्थानीय हरुसँग सोधपुछ गरिएको थियो ।

### (ख) भौतिक वातावरण सम्वन्धी तथ्याङ्क संकलन कार्य

उपरोक्त प्रस्ताब कार्यान्वयन हुने क्षेत्रहरु मध्य महत्वपूर्ण स्थानहरुको छनौट गरी ती स्थानहरुको सर्भेक्षण गरिएको थियो । यसरी अध्ययन भ्रमण गर्ने काममा स्थानीय जनताहरु र वन उपभोक्ता समूहहरु सँग त्यस क्षेत्रको माटो, बालुवा, चट्टान, जलाधार क्षेत्र, भू-क्षय हुने क्षेत्र,

खोलानालामा पानीको अवस्था, आदि बारेमा समूहगत रुपमा छलफल गरी प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने प्रभाव आदि बारेमा जानकारी संकलन गर्ने कार्य गरिएको थियो ।

### (ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्वन्धी तथ्याङ्क संकलनकार्य

यस अन्तर्गत प्रस्ताव कार्यन्वयन हुने क्षेत्रमा गई ग्रामीण लेखाजोखा विधिको प्रयोग गरि सुचना सङ्कलन गरिएको थियो । विभिन्न जाती, धर्म, पेशा, बर्ग आदिको प्रतिनिधित्व हुने गरी समूहगत छलफलबाट सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण सम्बन्धी जानकारी लिइएको थियो । अन्य जानकारी प्राप्त गर्नका लागि जानकार व्यक्तिहरुसँग भेटघाट गरिएको थियो । रितीरीवाज साँस्कृतिक सम्पदाहरु जस्तै मठ, मन्दिर, पर्यटकीय स्थलहरुको अवलोकन भ्रमण र मन्दिरहरुका पुजारीहरु लगायतका जानकार ब्यक्तिहरु सँगको छलफल बाट समेत जानकारी संकलन गर्ने कार्य गरिएको थियो । यसको अतिरिक्त विभिन्न समूह समुदाय वा पेशागत समूह संघ संस्था आदि संगको छलफल तथा अन्तरक्रिया समेत आयोजना गरिएको थियो ।

## ३.३ सार्वजनिक सूचना, छलफल तथा जनपरामर्श एवं सिफारिस पत्रहरु

सर्वसाधारणलाई प्रस्ताव सम्बन्धी जानकारी प्रदान गर्ने तथा सुझाव संकलन गर्ने उदेश्यले २०७९/०५/२३ गतेका दिन ७ दिने सार्वजनिक सूचना (अनुसुची २) प्रकाशित गरिएको थियो । उक्त सार्वजनिक सुचना प्रकाशित गर्नुको उद्देश्य स्थानीय बासिन्दाहरुको प्रस्ताव प्रतिको धारणा तथा राय सुझाव संकलन गर्नु थियो । प्रकाशित उक्त सूचना प्रभावित वडा कार्यालयहरुमा समेत टाँस गरि सो को मुचुल्का नगरपालिका र वडा कार्यालय बाट प्राप्त गरिएको थियो । प्रारम्भीक वातावरणीय अध्ययन टोली प्रस्ताव क्षेत्रमा गई सम्पुर्ण सरोकारवालाहरु संग भेटेरै ढुङ्गा, बालुवा र गीट्टी उत्खनन् संकलनको बारेमा जानकारी दिदै उपरोक्त कार्यबाट पर्नसक्ने वातावरणीय तथा सामाजिक, सांस्कृतिक, आर्थिक प्रभावहरुको बारेमा छलफल गरियो । यस कार्यमा स्थानिय बासिन्दा, शिक्षक, सामाजसेवी, राजनितिक प्रतिनिधि तथा नगरपालिकाका प्रतिनिधिहरुको समेत सक्रिय सहभागिता रहेको थियो । जन परामर्श छलफले नगरपालिका र वडा कार्यालयका उत्खनन क्षेत्र वरपरका सम्पुर्ण सरोकारवाला हरुको उपस्थितिमा सम्पन्न गरियो र सो छलफलबाट प्राप्त राय सुझावहरुलाई प्राथमिकताका साथ यस प्रतिवेदनमा संलग्न गराई छलफलमा उठेका सवालहरुलाई यस प्रतिवेदनमा सम्बोधन गरिएको छ । साथै नगरपालिका र वडा कार्यालयबाट प्रस्ताव कार्यान्वयनको लागि सिफारिस समेत प्राप्त गरियो ।

## ३.४ तथ्याङ्क विश्लेषण, प्रभावहरुको पहिचान/अनुमान/मुल्याङ्कन र प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव एवं प्रतिवेदन तयारी

प्रस्तावित क्षेत्रको विस्तृत अध्ययन गर्दा गरिएको बिश्लेषणबाट आएका प्रथम तथा द्धितिय तथ्याङ्क तथा जानकारीलाई विश्लेषण तथा संक्षेपिकरण गरी आवश्यकता अनुसार तालिका तथा चित्रहरुमा राखी प्रतिबेदनको उपयुक्त भागमा समाबेश गरिएको छ। तसर्थ प्राप्त जानकारीहरुबाट (सन्दर्भ सामाग्री तथा फिल्डको स्थलगत अध्ययन, अनुगमन पुनरावलोकन बाट प्राप्त) प्रस्ताब कार्यान्वयन गर्दा हुने सम्भाब्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैबिक, भौतिक, सामाजिक आर्थिक गरी तीन शिर्षक अन्तर्गत छुट्याई प्रभाव अनुमान तथा मूल्याङ्कन गरिएको छ। यसरी प्रभाव मुल्याङ्कन गर्दा राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० अनुरुप प्रभावहरुलाई त्यसको प्रकृति, आकार, विस्तार र अवधिमा वर्गीकरण गरि मूल्याङ्कन गरिएको छ। तत्पश्चात प्रभावहरुलाई न्यूनिकरण गर्न मितव्ययी तथा ब्यवहारिक उपायहरुको पहिचान गरि यस प्रतिवेदनमा समावेश गरिएको छ।

## अध्याय : चार

# विद्यमान ऐन, नियमावली, नीति, निर्देशिका तथा मापदण्डहरुको पुनरावलोकन

ढुङ्गा, गिट्टी, बालुवा (श्रोत) उत्खनन् तथा संकलनको वातारणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि तथा सो प्रस्ताव कार्यान्यवन गर्नका निमित्त सो सम्बन्धि प्रचलित ऐन कानुन तथा नियमका वारेमा विस्तृत जानकारी रहनु अति आवश्यक छ।  वातावरणमा पर्न सक्ने नकरात्मक असरका वारेमा अत्यन्त सचेत रहंदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत विभिन्न वहस तथा साझा योजना र नीतिहरु माथि एक्येबद्धता जाहेर हुँदै आई रहेको परिप्रेक्ष्यमा वन, वन्यजन्तु लगायत वातारणका सबै अंगहरुको वैज्ञानीक ढंगले संरक्षण, सम्बर्धन तथा सदुपयोग गर्नका लागि पनि यस्ता ऐन कानुन सम्बन्धि जानकारी हुनु पर्ने र त्यस्ता सम्बन्धित नीति नियमहरुले निर्देशन गरे बमोजिम प्रस्ताव कार्यान्वयन गर्न जरुरी छ।

## ४.१ नेपालको संविधान, २०७२

नेपालको संघीय संविधान, २०७२ अनुसार देशको सन्तुलित विकासका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, यातायात, आवास र रोजगारी जस्ता आधारभूत कूराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ। राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्नेछ। राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नेछ। जनसाधारणमा वातावरणीय स्वच्छता तथा सुधारको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरु द्वारा वातावरणमा प्रतिकूल हानी न्युनिकरण गरी वातावरणीय सम्पदा तथा दुर्लभ वन्यजन्तुको विशेष संरक्षणमा राज्यले प्राथामिकता दिनेछ। वन र वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ। त्यसैले यस्ता प्रस्तावनाहरुको कार्यान्वयनमा EIA र IEE गर्नु, गराउनु संविधानले परिकल्पित गरेको प्रकृति र प्राकृतिक श्रोतको संरक्षण तथा संम्बर्द्धनको सुनिश्चितता गराउने सिद्ध कार्यविधि हो।

## ४.२ वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियावली २०७७

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्न वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागु गरिएको हो । सो ऐनको दफा ३ मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने र त्यस्तो प्रस्ताव सम्वन्धित निकायबाट स्वीकृत नगराई कार्यन्वयन गराउन नहूने व्यबस्स्था उल्लेख गरको छ । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ र ४ अनूसूची २ (ग) बमोजिम साधारण निर्माणमुखि ढुंगा गिट्टी बालुवा ग्राभेल आदि दैनिक ५०० घ.मि. सम्मको परिमाणमा उत्खनन तथा संकलन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख गरिएको छ । सोही नियमावलीको अनुसूची ७ मा प्रारम्भिक वतावरणीय परीक्षण गर्दा अपनाउनु पर्ने चरणबद्ध प्रकृयाहरुको बारेमा समेत उल्लेख गरिएको छ ।

## ४.३ वन ऐन २०७६ र वन नियमावली २०७६

वन जंगलको संरक्षण गरी वातावरणको प्रवर्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभुत आबश्यकता परिपुर्ति गर्न नेपाल सरकारले वन ऐन, २०७६ र वन नियमावली, २०७७ लागु गरेको छ । वन ऐन, २०७६ को परिच्छेद २ मा बातावरणीय अध्ययन प्रतिबदेन तयार गर्नु गराउनु पर्ने कुरा उल्लेख गरिएको छ । यसैगरि सोहि ऐनको परिच्छेद ४ र ६ मा वातावरण ब्यवस्थापन नथा सरकारद्धारा व्यवस्थित वनको दिगो व्यबस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत हुनु पर्ने तथा कार्ययोजनाले निर्दिष्ट गरेको वाहेक अन्य कूनै पनि कार्य गर्न गराउन नपाईने कानुनी प्रावधान रहेको छ । वन ऐन, २०७६ को दफाहरुलाई वन नियमावली, २०७६ को परिच्छेद २ को बिभिन्न नियमहरुले ले प्रष्ट पारेको छ । जसमा वनपैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिक्री व्यबस्था, निकासी गर्ने अवधि तथा कस्तो अबस्थामा वन पैदावार संकलन र बिक्री गर्न नपाईने जस्ता प्रावधानहरु रहेका छन् ।

यसका अतिरिक्त सोहि ऐन तथा नियमावलीहरुले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख्य प्रतिकुल असर नपर्ने भएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै का साथै त्यस्तो आयोजना संचालन गर्दा कसैलाई हानी नोक्सानी पुग्नगएमा सम्वन्धीत आयोजनाले नै क्षतिपुर्ति दिनु पर्ने प्रावधान गरी जनसाधारणको मौलीक हक सुरक्षाको प्रत्याभुती गरेको छ ।

## ४.४ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दुर्लभ वन्यजन्तुहरुको संरक्षणका कार्यहरु गर्न लागु भएको हो । यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाईने २६ किसिमका स्तनधारी ९ किसिमका पंक्षी र ३ किसिमका सरीसृपलाई संरक्षित वन्यजन्तुको दर्जा दिई त्यस्ता वन्यजन्तुलाई मार्न, पक्रन वा लखेट्न वा अन्य कुनै किसिमले हानि नोक्सानी पुऱ्याउन निषेध गरको छ । यस अन्तर्गत लागु गरिएको कानुन सम्पुर्ण किसिमका वन क्षेत्र वा नेपाल अधिराज्य भर लागु भएको छ। जलचर संरक्षण (पहिलो संशोधन) ऐन, २०५५ को मुख्य उद्देश्य नेपाल अधिराज्यभित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषण मुक्त राख्ने रहेको छ ।

## ४.५ भू-तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२

भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा भू तथा जलाधार संरक्षण नियमावली, २०४२ मा जलाधार क्षेत्रहरुमा भू-क्षय तथा बाढी पहिरोको प्रकोपलाई न्यूनिकरण गर्न विभिन्न प्रावधानहरु समावेश गरिएको छ । विभिन्न कियाकलापहरु गर्दा जमिन तथा जलाधार सँरक्षणमा नकरात्मक हानी पुऱ्याउन नपाइने व्यवस्था गरेको छ ।

## ४.६ स्थानीय सरकार सन्चालन ऐन २०७४

स्थानीय सरकार सन्चालन ऐन, २०७४ ले नगरपालिका तथा नगरपालिका लाई आफ्नो क्षेत्राधिकार भित्रका वातावरण संरक्षण तथा प्रवर्धन गर्न तथा वन, बनस्पति, जैविक विविधता र भू-संरक्षण सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्न गराउन सक्ने अधिकार प्रदान गरको छ । साथै वातावरण संरक्षण तथा व्यवस्थापनको लागि स्थानिय तह (गाउँपालिका तथा नगरपालीका) का वातावरण शाखा पुर्ण रुपले जिम्मेवार रहने छन् भन्ने समेत यस बाट थाहा पाउन सकिन्छ ।

## ४.७ फोहोर मैला व्यवस्थापन ऐन, २०६८

फोहोरमैलालाई स्रोतमा न्यूनूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहोरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहोरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि फोहोरमैला व्यवस्थापन ऐन, २०६८ व्यवस्थापन जारी गरिएको छ। यस ऐन को दफा ५ अनुसार कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहोरमैला यथासक्य कम गर्नु पर्नेछ। आफ्नो क्षेत्रेभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैलामात्र निष्काशन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनुनेछ। तथा फोहोरमैला व्यवस्थापन कार्य पुर्ण रुपमा स्थानिय तहको अधिकार र जिम्मेवारीको रुपमा रहेको कुरा प्रष्ट रुपमा उल्लेख गरेको छ।

## ४.८ निर्देशिका

### ४.८.१ वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०

नेपाल सरकारले आठौं योजनाको नीति कार्यान्वयनमा सहयोग पुगोस भन्नको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका २०५० लागु गरिसकेको छ। यो निर्देशिकाले अध्ययनको क्रममा जनसहभागिता जुटाउनै पर्ने, आवश्यक सुचनाहरुको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरता पूर्वक मुल्यांकन गर्ने र वातावरणीय अध्ययनको लागि ती विषयहरुको प्राथमिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएकोछ।

### ४.८.२ सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा वालुवा नियमन् सम्बन्धी प्रतिवेदन

सर्वोच्च अदालतको आदेश र रोडा, ढुंगा, गिट्टी तथा वालुवा नियमन् सम्बन्धी प्रतिवेदन अनुसार ढुङ्गा, वालुवा आदि प्राकृतिक स्रोत भएको र प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको स्वामित्वमा हुन नसक्ने तथा प्राकृति स्रोत सबै नेपालीको Common Benefits र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुनुपर्ने उल्लेख छ। साथै प्राकृतिक स्रोत उत्खनन तथा संकलन प्रयोग आदि गर्न विद्यमान प्रचलित कानून अनुसार वातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नु पर्ने

समेत उल्लेख छ। ढुवानीको हकमा ट्रकमा रोडा, ढुङ्गा तथा अन्य संकलित स्रोत बस्तु Overloaded गरी चलाउने कार्यलाई रोक्न प्रहरी परिचालन गर्नु पर्ने समेत जोड दिएको छ। चुरे क्षेत्रको हकमा चुरे क्षेत्रका खोलामा भएका ठुला ढुङ्गाको संकलन गर्न दिँदा त्यसले थामेर राख्ने बाढीको प्रकोप झन बढ्ने भएकोले एस्काभेटरको प्रयोगबाट खोलाको सतह गहिऱ्याइदिने, खोला छेउ कटान गरिदिने र ठुला ढुङ्गा संकलन गर्दा पहिल्यै कमजोर स्थान झन कमजोर हुने भएकोले एस्काभेटरको प्रयोग निषेध गर्नु पर्ने समेत प्रतिवेदनमा उल्लेख छ।

### ४.८.३ मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको निर्णय-२०७०/०३/२७

मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितीको २०७०/२/२१ गतेको बैठकले गठित उपसमिति बाट ढुङ्गा, गिट्टी तथा वालुवा समेतको व्यवस्थापनको सन्दर्भमा महत्वपुर्ण निर्णय गरेको छ। उक्त निर्णय अनुसार प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, उत्खनन् वा दोहन गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैको आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउने व्यवस्था मिलाउने। राजमार्ग, खेतबारी, गाउँ, वस्ती, बजार, पुल जस्ता सार्वजनिक ठाउँमा बाढी, पहिरोले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान हटाउनु पर्ने भएमा जिल्ला समन्वय समितिले सम्बन्धित निकायहरुसँग समन्वय गरी रितपूर्वक प्राथमिकता साथ हटाई व्यवस्थापन गर्नुपर्ने प्रावधान पनि निर्णय गरिएको छ।

## ४.९ अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु

माथि उल्लेख गरेका नेपाल सरकारमा कानुनी प्रावधानका अतिरिक्त केही अन्तर्राष्ट्रिय कानुनहरु लाई समेत प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरण परीक्षणका क्रममा ध्यान दिनु पर्ने हुन्छ। नेपालले हस्ताक्षर गरेका विभिन्न सन्धि/महासन्धिहरु दस्तावेजको रुपमा रहेका छन। यस्ता अन्तर्राष्ट्रिय महासन्धिहरुमा जैवीक विविधता सम्वन्धी महासन्धि, सिमसार सम्वन्धी महासन्धि, जलजायु परिवर्तन सम्वन्धी आदि प्रमुख रहेका छन्। यी महासन्धिहरुले प्राकृतिक श्रोत व्यवस्थापन तथा जीव र बनस्पति संरक्षण सुनिश्चित गर्न आबश्यक विश्वव्यापी प्रावधानहरुको बारेमा व्याख्या गरेका छन्।

## ४.१० लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९

लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ को अनुसूची १ बमोजिम दैनिक ३०० घन मीटर सम्म नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्न गराउनका लागि प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने र त्यस्तो प्रस्ताव सम्वन्धित निकायबाट स्वीकृत नगराई कार्यन्वयन गराउन नहूने व्यबस्स्था उल्लेख गरको छ । ढुंगा गिट्टी बालुवा ग्राभेल आदि दैनिक ३०० घ.मि. सम्मको परिमाणमा उत्खनन तथा संकलन गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने उल्लेख गरिएको छ । सोही कार्यबिधीको अनुसूची २ मा प्रारम्भिक वतावरणीय परीक्षण गर्दा अपनाउनु पर्ने चरणबद्ध प्रकृयाहरुको बारेमा समेत उल्लेख गरिएको छ ।

## अध्याय : पाँच

# वस्तुगत वातावरणीय अवस्थाको बयान

यस अध्यायमा प्रस्तावीत क्षेत्रको हालको वस्तुगत वातावरणीय अवस्थाको चित्रण गरिएको छ। विभिन्न प्रकाशित सन्दर्भ सामग्रीहरु तथा प्रस्ताव क्षेत्रको स्थलगत भ्रमणबाट सुचना तथा तथ्यांङ्क प्राप्त गरी यो विश्लेषण गरिएको हो। लहान नगरपालिकामा पर्ने प्रस्ताव क्षेत्रको जैविक, भौतिक, सांस्कृतिक, सामाजिक तथा आर्थिक वातावरण सम्बन्धी वस्तुगत अवस्था निम्नानुसार रहेको छ।

## ५.१ भौतिक वातावरण

### ५.१.१ भौगोलिक बनावट (टोपोग्राफी)

यस लहान नगरपालिका दक्षिणमा लगभग ९० मीटरको तराईको होचो समथर भूभाग देखि उत्तरमा ४०० मीटर अग्लो चुरे पर्वत श्रेणी सम्म फैलिएर रहेको छ। उत्तर दक्षिण लगभग ३० किलोमीटर र पूर्व पश्चिम १० किलोमीटरको दुरीमा फैलिएको यस नगरपालिकाले कुल १०७.०३ वर्गकिलोमीटर क्षेत्रफल ओगटेको छ। भौगोलिक अवस्थितिका हिसाबले यो नगरपालिका ८६$^{0}$४९'५५" पुर्वी देशान्तर र २६$^{0}$४८'७३" उत्तरी आक्षांश सम्म फैलिएको छ। यस नगरपालिकामा चूरे श्रेणीबाट बग्ने ससाना खोल्सा, खोला र सेता बालुवा सहितका बगर क्षेत्रहरु पनि देख्न सकिन्छ। उत्तर तिरको भाग चुरे श्रेणीका कारण सम्वेदनशील भूबनावट भएकाले त्यहाँबाट प्रशस्त ढुंगा, गेगर, बालुवा, माटो बर्षातको समयमा पानीले तराई तिर बगाएर थुपार्ने गर्छ। जसकाकारण माथिल्लो भागमा भुक्षयको दर तिब्र छ भने तल्लो भागमा निक्षेपण र बाढीको जोखिम बढी देखिन्छ। यस नगर क्षेत्रमा सडकको राम्रो सुविधा रहेको छ। स्थानियवासीले नजिकको जंगलबाट घाँस, दाउरा र अन्य आवश्यक स्रोतहरुको उपयोग गर्ने गरेका छन्।

### ५.१.२ माटोको प्रकार

भू-उपयोगमा सबभन्दा बढी प्रभाव पार्ने तत्वको रुपमा माटो रहेको पाइन्छ। माटोको माथिल्लो तहको उर्बरा तत्व तथा खुकुलोपन वा कडापनका साथै मिश्रित चट्टान र खनिज जस्ता पदार्थले बाहिरी सतहमा हुने उत्पादन, क्षयीकरण जस्ता विषयमा महत्वपुर्ण भुमिका राख्दछ। माटोको निर्माण प्रकिया र वितरणमा भने अन्य तत्वहरुको भूमिका रहेको हुन्छ। उत्तर तीरको माथिल्लो चुरे क्षेत्रमा चट्टानी गेगर

र बालुवा मिसिएको फुस्रो माटो पाइन्छ भने तल्लो भागमा नदीको पाँगो, बालुवा मिसिएको माटोको बाहुल्यता रहेको छ। चुरेको माटो खोला, खोल्सा र वर्षातको भेलका कारण पानीको सहायताले तल्लो होचो भागतर्फ बगेर जाँदा नगरपालिकाको मध्य भागको माथिल्लो तहमा समेत चुरेको माटोको तह भेटिन्छ। खासगरी राजमार्ग देखि उत्तर तर्फको भूभाग बलान तथा खुट्टी नदीका किनार हरुमा यस्तो माटो रहेको छ। राजमार्ग देखि दक्षिणमा पाँगो, मिहिन तथा दोमट माटोको बाहुल्यता छ। नदीप्रणाली किनारमा खोलाको प्रभावका कारण बालुवा र गेगरको वाक्लो तह भेटिन्छ।

### ५.१.३ जलवायु/हावापानी

यस नगरपालिका क्षेत्रको जलवायुको अवस्था हेर्दा मुख्यतया उष्ण प्रकारको हावापानी रहेको पाइन्छ। उष्ण हावापानी पाइएता पनि बाह्रै महिना एउटै प्रकारको हावापानी भने छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त मात्रामा वर्षा हुने गर्छ। गर्मी समयमा यहाँको औषत अधिकतम ताफक्रम ३४.८ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम तापक्रम ८.८ डिग्री सेल्सियस सम्म पुग्गदछ।

### ५.१.४ भू उपयोग

नगरपालिकाको भू-उपयोग वितरण हेर्दा सवैभन्दा बढी जग्गा खेतियोग्य जमिनको रूपमा रहेको छ भने वनले ओगटेको क्षेत्रफल दोस्रोमा रहेको छ। नगरको उत्तर तिरको भाग मात्र वनले ढाकेको छ र वनको अवस्था पनि त्यति राम्रो छैन। त्यस्तै जल क्षेत्रल ओगटेको भूभाग र चरन क्षेत्रले ओगटेको भूभाग न्युन मात्रामा रहेको छ। समथर भूभागमा अवस्थित यस नगरपालिको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको पाईन्छ।

### ५.१.५ प्रदुषण

प्रस्ताव क्षेत्र वातावरणीय प्रदुषणको दृष्टिकोण (वायुको गुणस्तर सम्बन्धि राष्ट्रिय मापदण्ड, २०६९) अनुसार स्वच्छ र सफा तथा, हावा, पानी र ध्वनी प्रदुषण रहति जस्तो देखिन्छ। तर यस क्षेत्रमा सञ्चालनमा रहेका इट्टा, लगाएतका उद्योग तथा गुड्ने गाडी हरुले वायु तथा ध्वनि प्रदुषण गरेको पाईन्छ।

## ५.२ जैविक विविधता

यस नगरपालिका जैविक विविधताको हिसाबले त्यति धेरै सम्पन्न नरहेता पनि यस क्षेत्र वरपर विभिन्न किसिमका वनस्पति तथा वन्यजन्तुहरु रहेको छन । समुन्द्री सतहबाट करिव ९० मिटरदेखि ४०० मिटर उचाइसम्म फैलिएको भूस्वरुपमा विभिन्न प्रकारका बोटबिरुवाहरू तथा जडीबुटीहरू, चराहरू, स्तनधारी जीव लगायत अन्य जलचर तथा थलचर प्राणी तथा वनस्पतीहरुको बासस्थान रहेको छ। यहाँको भूभाग तराई देखि चुरे श्रृंखला सम्म फैलिएकोले गर्दा पनि जैविक विविधता थपिदिएको छ। यस क्षेत्रमा पारिस्थितीकीय विविधताहरु पनि पाइन्छ। भौगोलिक विविधता र जलवायुको भिन्नताले गर्दा फरक फरक किसिमका वन्यजन्तुहरू र वनस्पति हरु पाइन्छन्। यस ठाउँमा रहेका जडीबुटी, वन तथा गैरकाष्ठ वन पैदावरको समुचित र दिगो सदुपयोग गर्दा नगरपालिकाको आर्थिक समुन्नतिमा महत्वपूर्ण भुमिका पुऱ्याउन सक्ने देखिन्छ।

वातावरणीय असन्तुलन र जलवायु परिवर्तनले गर्दा वनस्पति वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै लोप हुने अवस्था बढ्दै गएको छ। वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुने गर्छ। यिनै कुराहरूलाई मध्यनजर गरेर स्थानीय बासिन्दाहरूले आफ्नो दैनिक उपभोग्य वन पैदावारको परिपुर्ति गर्न र वन सँरक्षण गर्न सामुदायिक वन दर्ता गराएको पाइन्छ। दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलन लाई समेत ध्यानमा राखेर जैविक विविधत सँरक्षणका कार्यक्रमहरु लागु गर्नु पर्ने देखिन्द्ध। यसै सन्दर्भमा वन क्षेत्र वरिपरि बढिरहेको जनसंख्या, अतिक्रमण, चोरी निकासी नियन्त्रण गर्नु पर्ने देखिन्छ जसकारण यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कायर्मा थप चुनौती थपिदिएको छ। अर्को तिर अधिक दोहन भईसकेको चुरे क्षेत्र सँरक्षण ठुलो चुनौतीको रुपमा रहेको छ।

### ५.२.१ बन एवं बनस्पति

यस नगरपालिकामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, सिसौ, कदम, खयर, साज, आँप, जामुनो, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, हर्रो, बर्रो, कोटमेरो, सिमल, घोकर टिक, वर, पीपल, बेल, अमला, कुम्भी, सिरीस, तारी, कुसुम, निम, पलाँस, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, टुनी, सान्दन, कर्मा, मालती, सतिसाल, कुम्भी, नेवारो, अशोक, सपेटा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, दबदबे, आदि रहेका छन्। उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्। यी मध्ये काँसी अमला, हर्रो, बर्रो,

बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश लोप हुदै गरेको अवस्थामा रहेका छन् ।

गैर काष्ठ वन पैदावारको रूपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले सम्भावना देखिएका वलुभ्कार, घोडताप्रे, खिर्रो, पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, सुनलहरो, हड्चुर आदिजस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ । यीमध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, पानी अमला, अर्चल, लहरो, बर्रो, पिप्ला, भोगटे, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

### ५.२.२ वन्यजन्तु

यस नगरपालिका भित्रका वनजंगलहरूले चितुवा, चित्तल, हरिण, दुम्सी, बँदेल, खिरखिरे, सालक, मलसाप्रो, ढेडु बनढाडे, मृग, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो आदि प्रजातिका वन्यजीवहरूको लागि उपयुक्त वासस्थान प्रदान गरेमा छन् । घस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, अन्य सर्पहरु पाईन्छन भने गड्यौला, जुका तथा अन्य धेरै प्रजातिका किटपतङ्गहरु पनि भेटिन्छन ।

### ५.२.३ चराहरु

यहाँका वनक्षेत्र तथा विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू जस्तै कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई तथा सारस पनि पाईन्छन ।

### ५.२.४ माछाहरु

यस नगरपालिकामा सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू पाईन्छन ।

प्रस्ताव क्षेत्रमा स्थलगत भ्रमणका क्रममा पत्ता लगाइएका केहि प्रमुख वनस्पति तथा जन्तुहरुको वैज्ञानिक नाम तलको तालिकामा दिईएको छ ।

तालिका नं. २ : प्रमुख वनस्पति तथा जन्तुहरुको वैज्ञानिक नाम

| वनस्पतिहरु | | | |
|---|---|---|---|
| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था |
| १ | सिसौ Sisoo | *Dalbergia sisoo* | |
| २ | सिमल Simal | *Bombax cieba* | संरक्षित, ने.स. |
| ३ | खयर Khayer | *Acacia catechu* | |
| ४ | साल Sal | *Shorea robusta* | संरक्षित, ने.स. |
| ५ | अमला Amala | *Phyllanthus emblica* | |
| ६ | हर्रो Harro | *Terminalia belerica* | |
| ७ | वर्रो Barro | *Terminalia chebula* | |
| ८ | बाँस Bans | *Dendrocalamus spp* | |
| ९ | साज Saj | *Terminalia alata* | |
| १० | वेल Bel | *Aegle marmelos* | |
| ११ | वनमासा Ban masa | *Lantena camera* | |
| जडिबुटीहरु | | | |
| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था |
| १ | अमला Amala | *Phyllanthus emblica* | |
| २ | हर्रो Harro | *Terminalia belerica* | |
| ३ | वर्रो Barro | *Terminalia chebula* | |
| ४ | तितेपाती Titepati | *Artemisia vulgaris* | |
| ५ | आक Aak | *Calotropis gingatea* | |
| ६ | वेल Bel | *Aegle marmelos* | |
| ७ | दुधे Dudhe | *Ephorbia hirta* | |
| वन्यजन्तुहरु | | | |
| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था |
| १ | लङ्गुर Langur | *Semnopithecus hector* | CITES |
| २ | बाँदर Bander | *Macacca mulatta* | CITIES, IUCN |

| | | | |
|---|---|---|---|
| ३ | चितुवा  Chituwa | *Pantheria pardus* | CITIES |
| ४ | स्याल Syal | *Canis aureus* | |
| ५ | दुम्सी Dumsi | *Histrix indica* | |
| ६ | वँदेल Bandel | *Sus scrofa* | |
| **चराहरु** | | | |
| क्र.सं. | नेपाली नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था |
| १ | लुइँचे Lueche | *Gallus gallus* | |
| २ | जुरेली Jureli | *Phcnonotus cafer* | |
| ३ | ढुकुर Dhukur | *Streptopelia tranuebarica* | |
| ४ | फोकाले Fokale | *Dendrocitta vagabunda* | |
| ५ | कालो चिवे Kalo chibe | *Dicrurus macrocercus* | |
| ६ | लामपुच्छे Lampuchre | *Urocissa erythrorhyncha* | |
| ७ | सेतोवकुल्ला Setobakulla | *Casmerodius albus* | |
| ८ | कोइली Koili | *Cuculus sps* | |
| ९ | काठफोरुवा Kath Goruwa | *Picus sps* | |
| १० | लुइँचे Lueche | *Gallus gallus* | |
| **माछाहरु** | | | |
| क.स. | नेपाली नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था |
| १ | बुदुना Buduna | *Garra annandalei* | |
| २ | बाम Bam | *Masacembalus armatus* | |
| ३ | सिङ्गे Singe | *Hetropneustes fossilis* | |
| ४ | असला Asala | *Schizothorax richardsoni* | |

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

### ५.३.१ वडा अनुसार जनसंख्या विवरण

राष्ट्रिय जनगणना, २०६८ को प्रतिबेदन अनुसार यस नगरपालिकाको जनसंख्या ९१७६६ रहेको छ। जस मध्ये पुरुषको संख्या ४५५१५ जना (४९.६० प्रतिशत) र महिलाको संख्या ४६२५१ जना (५०.४० प्रतिशत) रहेका छ। यस नगरपालिकामा जम्मा १७१८२ घर धुरीहरु रहेका छन् भने प्रति घर

जनसंख्याको अनुपात ५.३४ रहेको छ । यस नगरपालिकाको वडा अनुसारको जनसंख्याको वितरण लाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. ३ : हाल कायम भएको वडा अनुसारको जनसङ्ख्या वितरण

| वडा नं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | जम्मा जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९५० | २५०४ | २४४७ | ४९५१ | |
| २ | ४७५ | १२६६ | १२४३ | २५०९ | |
| ३ | ८४५ | २२६३ | २१४८ | ४४११ | |
| ४ | ८२३ | २२८१ | २०७९ | ४३६० | |
| ५ | ९०५ | २३१६ | २१२७ | ४४४३ | |
| ६ | ५३७ | १३८७ | १३०१ | २६८८ | |
| ७ | ४५६ | १२५४ | १०९२ | २३४६ | |
| ८ | ५४० | १५२९ | १४११ | २९४० | |
| ९ | ३९८ | १०४० | ११३२ | २१७२ | |
| १० | ५५० | १४४६ | १३८७ | २८३३ | |
| ११ | ६१६ | १४७१ | १८१५ | ३२८६ | |
| १२ | ५३१ | १३६० | १४२७ | २७८७ | |
| १३ | ७५२ | १९५० | २०९२ | ४०४२ | |
| १४ | ४०६ | ११७८ | ११४१ | २३१९ | |
| १५ | ९७९ | २३७० | २५११ | ४८८१ | |
| १६ | ४७४ | ११७३ | १२७८ | २४५१ | |
| १७ | ५७६ | १५३७ | १६०६ | ३१४३ | |
| १८ | १०१७ | २७३० | ३००९ | ५७३९ | |
| १९ | ७४५ | २१५७ | २२९२ | ४४४९ | |
| २० | ६७६ | १७०९ | १७६१ | ३४७० | |
| २१ | ७४० | १८३८ | १९५८ | ३७९६ | |
| २२ | ९९३ | २८०० | २८७३ | ५६७३ | |
| २३ | ८७८ | २२८८ | २५०० | ३७८८ | |
| २४ | १३२० | ३६६८ | ३६२१ | ७२८९ | |
| **जम्मा** | **१७१८२** | **४५५१५** | **४६२५१** | **९१७६६** | |

*श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

### ५.३.२ जात/जातिको आधारमा जनसंख्या वितरण

लहान नगरपालिकामा मधेशी समुदाय अन्तरगत चौधरी, यादव, चमार/हरिजन/राम, कोइरी/कुशवाहा, मुसाहर, तेली, सुडी, मुसलवान, तामाङ्ग, मगर, दुसाध/पासवान/पासी, सुधी, हलुवाई जातिको बसोबास रहेको छ भने पाहाडि समुदायमा बाहुन, क्षेत्री, दनुवार, कामी, सन्यासी, सार्की,

दमाई, नेवार, जनजाति अन्य, दलित अन्य, तराई अन्य आदि जातका मानिसहरु बसोवास गरेका छन् । लहान नगरपालिका पहाडे तथा तराईको संगम भएको हुदा यहांको सामाजिक जनजीवन तथा पद्धतिमा विविधता पाईन्छ। यसको उत्तरी भेकमा पहाडे समुदाय तथा दक्षिणी भेकमा मधेशी समुदायको बाहुल्यता रहेको पाईन्छ ।

### ५.३.३ धर्म अनुसार जनसंख्या वितरण

यस नगरपालिका लाई धार्मिक दृष्टिकोणले हेर्दा अधिकांश हिन्दु धर्मावलम्बीहरू नै रहेका छन् । नगरपालिकाको नगर पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा हिन्दु का अलावा दोस्रो वर्गमा मुश्लिम धर्मावलम्बीहरु रहेका छन् भने केहि नगन्य मात्रामा बौद्ध तथा क्रिश्चियन धर्मावलम्बीहरुको बसोबास रहेको छ ।

### ५.३.४ कृषि क्षेत्रको अवस्था

यस नगरपालिकाको धेरै क्षेत्रफल समथर भूभागले ढाकिएकाले कृषिका लागि प्रशस्त मात्रामा उपयोगी जमिन रहेको छ। सामान्यतया उत्पादन हुने मुख्य अन्न बालीहरू धान, मकै, गहुँ, तोरी आदि हुन् । यस्तै दलहन बालीमा मुसुरो, रहर, चना, बोडी आदि उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेतीमा आलु, प्याज, काउली, टमाटर लगाएत धेरै थरिका तरकारीहरु पनि उत्पादन हुन्छ। त्यस्तै उखु, सुर्ती, जुट आदी नगदे बाली पनि राम्रो हुन्छ र यीनको उत्पादकत्व पनि राम्रो नै रहेको पाईन्छ। साथै नगरपालिकामा आँप, केरा, लिचि जस्ता फलफुल पनि राम्रो उत्पादन हुने गरेको पाईन्छ। यस नगरपालिकामा कृषि क्षेत्रलाई अझँ व्यवसायिक र आधुनिकिरण गर्न सकेमा मनग्य आम्दानी गर्न सकिने देखिन्छ। जसले गर्दा नगरपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकासमा ठुलो टेवा पुग्ने देखिन्छ। लहान नगरपालिकामा विभिन्न किसिमका ठुला हाट बजारहरू पनि लाग्ने गरेको छ ।

### ५.३.५ प्रमुख उत्पादन हुने कृषि वालीहरू

लहान नगरपालिका कृषि उत्पादनको हिसाबले निकै सम्भावना बोकेको ठाँउ हो। सिरहा जिल्ला मुख्यगरी आँप उत्पादन र धान तथा अन्य अन्न तथा पशु, माछा र तरकारी उत्पादनको हिसाबले प्रसिद्ध जिल्ला हो। यहाँका वासिन्दाहरू सबै जसो कृषि पेशामा आश्रित छन्। यिनीहरूले समयानुसार विभिन्न खेती तथा वालीहरू लगाउने गर्दछन्। यहाँको भौगोलिक वनावटको अवस्था प्राकृतिक

वातावरण अनुसार उत्पदन हुने केही प्रमुख अन्न वालीहरू, फलफुलहरू, तरकारी खेतीहरू, दलहन वालीहरू, तेलहन वालीहरु निम्न अनुसार रहेका छन् ।

**खाद्यान्न वाली :** धान, गहुँ, मकै, आलु आदि

**तेलहन वाली :** तोरी, भटमास, रहर आदि

**दलहन वाली :** मुसुरो, चना, केराउ आदि

**तरकारी वाली :** आलु, गोलभेडा, काउली, बन्दागोभी, भेन्टा, मुला, फर्सी, लौका, रामतोरिया, काँक्रो, साग, तिते करेला, बोडी, घिउसिमी, घिरौंला, लसुन, प्याज, खुर्सानी, अधुवा, स्कुस, फर्सी आदि

**फलफुल :** आँप, केरा, अम्बा, सरिफा, मेवा, रुखकटहर, भुईकटहर, कागती आदि ।

**नगदे वाली :** उखु, सुर्ति, जुट आदि

### ५.३.६ पशुपालन तथा माछापालन

यहाँका मुख्य घरपालुवा जनावरहरु भैंसी, गाई, बाखा, सुँगुर आदि हुन् । पशुपालन यहाँका स्थानीयहरूको जीविकोपार्जनको एक मुख्य आधार हो । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासु उत्पादन हुन्छन् । भैंसी, गाई, कुखुरा, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी गर्नेको सङ्ख्या प्रशस्त रहेको छन् । यहाँ सयौं सङ्ख्यामा कुखुरा फार्महरू, डेरी उद्योग, व्यापारिक गाइ, भैसी फार्म, लगायतका कृषिजन्य उद्योगहरू रहेका छन् । नगरपालिकामा रहेका दर्जनौ पोखरीहरु त्यहाँ हुने माछापालन व्यवसाय निकै फष्टाएको पाईन्छ । माछापालनको लागि अति सम्भाव्य क्षेत्रको रुपमा यो नगरपालिका पनि रहेको छ ।

## ५.४ भौतिक पूर्वाधार विकासको अवस्था

कुनै पनि क्षेत्रको समग्र सामाजिक तथा आर्थिक विकासको लागि त्यहाँ उपलब्ध भएको भौतिक पूर्वाधारको अवस्थाले महत्वपुर्ण भूमिका निर्वाह गर्दछ । कुनै ठाउँ विशेषको विकास भए नभएको कुरा मुख्यतय त्यहाँको भौतिक पूर्वाधार विकासको अवस्थाले सङकेत गर्छ । यस अन्तर्गत प्रमुख रुपमा सडक, यातायात, पुल, सञ्चारका साधन, विजुली, खानेपानी, सिंचाइ, उद्योगधन्दा आदिको अवस्था पर्दछ ।

### ५.४.१ सडक तथा यातायात

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशील बनाउन तथा सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउनका निमित्त राम्रो अवस्थाको सडक अत्यावश्यक पर्दछ। लहान नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना जसो चल्ने कच्ची तथा ग्राभेल सडक सञ्जाल विस्तार भएको छ। यातायात पहुँचको हिसावले यस नगरपालिकालाई सुगम क्षेत्रकै रुपमा लिन सकिन्छ। तर कालोपत्रे सडक भने लोक मार्गहरुमा मात्र छ। लहान नगरपालिकाको भित्री सडकको स्थिति हेर्दा थोरै ढलान र अधिकाँस कच्ची बाटो र ग्राभेल बाटो रहेको छ।

### ५.४.२ सञ्चार सेवाका माध्यमहरू

यस नगरपालिकामा सबै वडामा टेलिफोन तथा मोबाइल सुविधा पुगेको छ। नगरपालिकामा रेडियो नेपाल, अन्य स्थानीय एफ एमहरु, रेडियो सरगम, मिता एफएम, समग्र एफएम लगाएत काठमाडौंबाट पनि एफ एम हरु सिधा प्रशारण हुने गरेको छ। नगरमा नेपाल टेलिकम र एनसेल दुवैको 4G Network उपलब्ध छ भने विभिन्न कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन। विभिन्न केवल नेटवर्क तथा सेटेलाइट च्यानल डिसहोम आदिवाट नगरबासीहरूले मनोरन्जनात्मक टेलिभिजनका कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ। यहाँ संञ्चार माध्यमको विस्तार राम्रो रहेको छ।

### ५.४.३ पत्रपत्रिका

यस नगरपालिकामा दैनिक पत्रिका र साप्ताहिक पत्रपत्रिकाहरू नियमित रूपमा प्रकाशित भैरहेका छन्। यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरू समेत नगरका विभिन्न ठाउँ हरूमा पाइन्छन।

### ५.४.४ विद्युत र उर्जा

लहान नगरपालिकाको पार्श्वचित्र का लागि गरिएको घरधुरी सर्वेक्षण २०७५ अनुसार यस नगरपालिकामा खाना पकाउनका लागि प्रयोग गरिने इन्धनमा दाउरा नै प्रमुख स्रोतको रूपमा रहेको छ। अन्य स्रोतको प्रयोग गर्ने घरधुरी संख्या न्यून रहेका छन्। वडागतरुपमा तुलना गर्दा प्रायः सबै वडाहरुमा विजुलीको प्रयोग धेरै भएको पाइन्छ।

### ५.४.५ खानेपानीको अवस्था

यस नगरपालिकाको जम्मा १७१८२ घरधुरीहरुले विभिन्न खालको स्रोतवाट उपलब्ध पानी पिउँछन्। लहान नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकाले नगरका परिवारहरुले सबैभन्दा बढी ट्युवेल/हाते पम्पको पानी प्रयोग गर्ने गरेको पाईन्छ जुन स्वास्थ्यको दृष्टिकोणमा त्यति सुरक्षित मानिँदैन वा शुद्धिकरण गरेर मात्र पिउनु पर्छ। नगरमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या सबैभन्दा बढी रहेको छ भने दोस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी, तेस्रोमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने देखिन्छ। ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी र नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी संख्या न्युन रहेको देखिन्छ। यसरी नगरमा खानेपानीको आपूर्तिको लागि प्रयोग भएको विभिन्न श्रोतको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ५.४.६ स्वास्थ्य

भौगोलिक सुगमता र वाक्लो आवादीले गर्दा सिरहा जिल्लामा स्वास्थ्य सेवाको अवस्था सन्तोषजनक रहेको छ । यसै अनुरुप यस नगरपालिका क्षेत्रमा पनि १ प्रादेशिक अस्पताल तथा सबै वडाहरुमा स्वास्थ्य चौकि तथा आधारभुत स्वास्थ्य केन्द्रहरु रहेका छन् भने यसका साथै उल्लेख्य संख्यामा अस्पताल तथा निजि क्लिनिकहरु रहेका छन्। अस्पताल, स्वास्थ्यचौकी तथा निजि क्लिनिकहरु वाट नगरपालिकाका बिभिन्न घरधुरीहरुले स्वास्थ्य सेवा लिने गर्दछन्। स्वास्थ्य सँस्था हरुमा न्यूनतम रुपमा आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसारका दक्ष स्वास्थ्यकर्मीहरू रहेका छन्। तथापी ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको पाईन्छ। यसका अलावा नगरपालिका क्षेत्रमा स्वास्थ्य चौकी तथा निजी अस्पताल तथा क्लिनिकहरु सञ्चालनमा रहेका छन्। मधेश प्रदेशकै प्रमुख ब्यापारिक केन्द्र लहानमा रहेको एक सरकारी तथा बिभिन्न निजी अस्पतालहरुमा बिशेषज्ञ सहितको सेवा उपलब्ध भएका कारणले गर्दा पनि यस नगरपालिकाका नागरिकहरु स्वास्थ्य सेवा बाट बञ्चित हुनु परेको छैन । नगरपालिकामा सरकारी स्तरबाट उपलब्ध भएका स्वास्थ्य संस्थाको प्रकार तिनबाट प्राप्त हुने सेवा जनशक्ति सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

### ५.४.६ शिक्षा

मानव विकास सुचाङ्कको एक महवपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा लहान नगरपालिका कमजोर नपा क्षेत्रको साक्षरताको स्थिति हेर्दा पाँच वर्ष माथीको साक्षरता दर ७३.६८ प्रतिशत छ भने लैगिंकताका आधारमा पुरुषको साक्षरता दर ८३.४७ प्रतिशत र महिलाको ६३.५ प्रतिशत रहेको छ । लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। बिशेषगरि बिपन्न तथा

दलित बस्तीहरुका बालिकाहरुको बिद्यालय छाडने दर उच्च रहेको छ । यस नगरपालिकाको पुरुषको साक्षरता दरको तुलनामा महिलाको साक्षरता दर कम रहेको छ। यहाँको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षामा धेरै लगानी गर्नुपर्ने देखिन्छ ।

### ५.४.७ आर्थिक अवस्था तथा रोजगारी

यस नगरपालिकामा अधिकांश घरधुरीहरू कृषि तथा पशुपालन पेशामा निर्भर रहेका छन् भने अन्य धेरै घरवाट वैदेशिक रोजगारीमा गएका छन् । नगरको अर्थतन्त्र मुख्यतया कृषि, पशुपालन, मत्स्यपालन, थोक, खुद्रा बजार, वन, फलफुल विशेषत आँप, उखु खेती, इट्टा उद्योग, ग्याँस, पानी, निर्माण, होटल, रेस्टुरेन्ट, तथा अन्य सेवा क्षेत्रमा निर्भर रहेको देखिन्छ । तर विकासमा लागी आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनु पर्ने देखिन्छ । त्यस्तै केही मानिसहरू होटल,स्टेसनरी, किराना पसल, कपडा पसल, मोटर साइकल तथा साइकल मर्मत केन्द्र, ब्यूटीपार्लर, सिलाई बुनाई आदि ब्यवसायहरूमा लागेका छन् । केही मानिसहरू शिक्षक, सैनिक, प्रहरी, निजामति, ड्राइभर, ढुङ्गा फुटाउने, डकर्मी, सिकर्मी, कृषि मजदुर आदि नोकरीमा पनि छन् । यस क्षेत्रमा ब्यावसायिक रूपले स्थानीयस्रोत साधन सीप र श्रमलाई उपयोग गरेर दुग्ध एवं मासुजन्य पशुपालन, तरकारी तथा फलफूल खेती आँप विकी आदि व्यवसायवाट मनग्य आम्दानी गर्न सक्ने सम्भावना देखिन्छ । नगरमा रहेका तालहरू, सिमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप टेवा दिन सक्छन । यस नगरका मानिसहरू क्रमश साना वाट ठूला उद्योगहरूको विकास तर्फ लागिरहेका पाइन्छ तर बजारकिरण र औद्योगिकरण भने निकै अव्यवस्थित रहेको देखिन्छ ।

## अध्याय : छ

# प्रस्ताव कार्यान्वयनका विकल्पहरु

प्रस्ताव कार्यान्वयनको वैकल्पिक विश्लेषणलाई प्रारम्भिक वातावरणीय परीक्षणको महत्वपूर्ण भागको रुपमा लिने गरिन्छ। वैकल्पिक विश्लेषणलाई वातावरणीय उपदेयता, प्राविधिक तथा आर्थिक संभाव्यताले निर्धारण गरेको हुन्छ। प्रारम्भिक वातावरणीय परीक्षण गर्ने विज्ञ टोलीले विभिन्न वातावरणीय प्रभाव निर्धारण र आर्थिक गोपनीयताको आधारमा वैकल्पिक विश्लेषण गरेको छ। वैकल्पिक विश्लेषण गर्नुको मुख्य उद्देश्य फाइदाजनक प्रभावलाई बढाउने र हानिकारक प्रभावलाई घटाउने हो । अध्ययन टोलीले विभिन्न मापदण्ड र शीर्षकलाई आधार बनाएर वैकल्पिक अध्ययन गरेको हुन्छ ।

## ६.१ प्रस्ताव कार्यान्वयन नगर्ने

कुनै कार्य नगर्ने अवधारणा वैकल्पिक अध्ययनको पहिलो आधार हो। यसको आधारमा प्रस्ताववाट प्रक्षेपण गरिएको सकारात्मक प्रभावहरुलाई प्राप्त गर्न सकिदैन भन्ने बुझिन्छ। प्रस्ताव कार्यान्वयन नगर्ने बिकल्प भन्नाले प्रस्तावित क्षेत्रमा भएका ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन नै नगर्ने र सो क्षेत्रलाई पुर्ण रुपमा निषेधित क्षेत्रको रुपमा विकास गर्ने भन्ने बुभिन्छ। यस प्रकारको विकल्पले गैर कानुनी रुपमा श्रोत संकलन गरेमा प्रचलित ऐन कानून बमोजिम दण्ड सजाय गर्नु पर्ने र उक्त क्षेत्रको पूर्ण रेखदेख नगरपालिका बाट गर्नु पर्ने हुन्छ जस कारण राजस्वको श्रोत घट्नुका साथै श्रोत संकलन नहुँदा श्रोतको सदुपयोग नभई खेर जाने सम्भावना हुन्छ। ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन नगर्दा खोलाको सतह बढन गई बाढीको पानी बस्ती र खेतमा पसी धनजनको नोक्सानी हुने, खोलाको सतह बढी र पुलहरुलाई बर्षातको समयमा क्षति पुग्ने, कच्चा पदार्थको आपूर्ति नहुँदा उद्योग बन्द हुने तथा स्थानीय विकास निर्माण कार्यमा प्रतिकूल हानी पर्ने देखिन्छ। तसर्थ यस अध्ययनवाट प्राप्त विकल्पको विश्लेषण पश्चात प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पलाई अस्वीकार गरिएको छ ।

## ६.२ प्रस्तावका विकल्पहरु

### ६.२.१ वैकल्पीक क्षेत्र

बिकास निर्माणका कार्यहरुमा आवश्यक पर्ने ढुंगा, गिट्टी, वालुवा आदि जस्ता निर्माणमा प्रयोग हुने श्रोतहरु खोलानाला वा खनिज बाट मात्र प्राप्त हुने गर्दछ। तसर्थ विकास निर्माणको अत्याधिक चाप खेपिरहेको सिरहा, सप्तरी जिल्लामा दिगो रुपमा ढुंगा, गिट्टी, वालुवा आदि संकलन तथा उत्खनन् कार्य

गर्न आवश्यक देखिन्छ। यद्दपि यस कार्य गर्दै गर्दा अवैज्ञानिक र अनियन्त्रित रुपबाट संकलन तथा बिक्री वितरणको निगरानी गर्नु पर्ने, अदक्ष मानिसहरु बाट संकलन गर्न नहुने र व्यवसायीक रुपमा काम गर्ने व्यक्तिहरुलाई मात्र व्यवसायिक बिक्री वितरण गर्नु पर्ने हुन्छ। श्रोत संलकन गर्नका लागि मानिसहरुलाई सो को महत्व, मुल्य, संकलन विधि लगायतका कुराको पनि जानकारी दिनु पर्नेछ। जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षणको महत्व बुझाउनु पर्दछ। यसर्थ वातावरणीय, सामाजिक तथा आर्थिक दृष्टिकोणबाट पायक पर्ने स्थानलाई महत्वका दिएर अध्ययन गरिएको छ।

### ६.२.२ उत्खनन्/संकलन प्रकृया र समय तालिका

ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन असोज १ गते देखि जेष्ठ मसान्त महिनासम्म, बर्षको २७० दिन उपयुक्त रहने सुझाव दिईएको छ। उत्खनन् कार्य विहानको सूयोदय देखि साँझ सूर्यास्त सम्म मात्र गर्न सुझाव दिइएको छ। विगतमा भएको संकलन विधिमा छलफल गर्दा अव्यवस्थित किसिमबाट संकलन तथा उत्खनन गरिएको जानकारी आएकोले आगामी दिनहरुमा संकलन गर्दा जहाँ पायो त्यही संकलन नगरी तोकिएको क्षेत्रबाट मात्र संकलन कार्य गर्ने/गराइनु पर्छ। सम्भावित नकारात्मक असरहरुबाट बच्न उत्खनन्/संकलन कार्यलाई वर्षा याममा पूर्णरुपमा बन्द गरिने छ। बालबालिका सम्बन्धि ऐन २०४८ र बाल श्रम ऐन २०५६ अनुसार स-साना बच्चाहरुलाई कुनै पनि काममा लगाईने छैन।

### ६.२.३ वैकल्पीक श्रोत

ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन, निकासको लागि अरु बिकल्प छैन तर पनि गिट्टि र ढुङ्गाको ठाउँमा ईट्टा प्रयोग गर्न सकिने देखिन्छ। तथापि इंटा उधोग तथा ढुंगा खानी उद्योग स्थापना गर्दा अतिरिक्त लगानीको आवश्यकता पर्ने तथा खानी तथा ईंटा उद्योगहरुको वातावरणीय प्रदुषणको मात्रा पनि बढी हुने भएको कारण, स्थानिय क्षेत्रमा प्राप्त सिमित श्रोत साधनबाट खोलाको तटीय क्षेत्रबाट व्यवस्थित रुपमा च्यानल वनाई ढुगा गिट्टि संकलन गर्न सकिने हुँदा यस्ता श्रोत साधन उपयोगी हुनुका साथै खोलाजन्य प्रकोप पनि न्युन हुने देखिन्छ।

## ६.५ वैकल्पिक वातावरणीय व्यवस्थापन

प्रस्तावकको नाताले सम्बन्धित मन्त्रालय र वातावरण संरक्षण ऐन २०७६, वतावरण संरक्षण नियमावली २०७७ तथा लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९ आदिको नियम/कानुनको अधिनमा रहि वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ। यो योजनाको अनुगमन प्रत्यक्ष रुपमा नगरपालिका तथा अप्रत्यक्ष रुपमा जिल्ला अनुगनम

समिति एवं जिल्ला समन्वय समिति सिरहा वातावरण शाखाले गर्ने छ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियन्त्रणकारीको भूमिकामा काम गर्ने छ। यो प्रस्तावले सम्बन्धित नगरपालिका र वातावरण संरक्षणमा रुची राख्ने स्थानीय क्लव, गैर सरकारी संस्थाको समेत क्रियाकलाप खोज्ने प्रयास गर्ने छ।

## अध्याय : सात

# प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन

तालिका नं. ४ : प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कनको म्याट्रिक्स

| क. स | विषय वस्तु | प्रभाव | तरिका/विधि | प्रभावको प्रकार(*) | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रकृति | आकार | विस्तार | अवधी | |
| **क) भौतिक वातावरण** | | | | | | | | |
| | सकारात्मक प्रभावहरु | | | | | | | |
| १) | जलउत्पन्न प्रकोप | घट्छ (सकारात्मक) | बैज्ञानिक र व्यवस्थित विधिद्वारा ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्दा त्यस्ता खोलाको वेड लेभल नवढ्ने हुनाले खोलावाट पानि वाहिरी वस्ती तथा खेती गरिएको वरपरको क्षेत्रमा नजाने र थेग्रिएर बसेको स्थानबाट मात्र उत्खनन् कार्य गरिने हुदा त्यसबाट खोला किनार सुरक्षित भई सो क्षेत्रको वर्तमान अवस्थामा समेत त्रमिक सुधार हुने । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | १०० |
| | नकारात्मक प्रभावहरु | | | | | | | |
| १) | सिचांईमा प्रभाव | नकारात्मक | उचित मापदण्ड नअपनाई उत्खनन गर्नाले खोलाको सतह गहिरिदा खेती योग्य जमीनमा पर्याप्त मात्रामा सिँचाइ नहुने अवस्था हुन्छ । | प्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | ३५ |
| २) | पानी तथा सरसफाई | प्रदुषण वढछ (नकारात्मक) | पानी धमिलो हुने, खोलाको पानीमा आश्रित जनसमुदायलाई सरसफाईमा हानी पर्ने । | प्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | ३५ |
| ३) | धुलोपन एवं ध्वनी | प्रदुषण वढ्छ (नकारात्मक) | ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटाको वरपर र संकलन कार्य गर्ने स्थानमा सवारी साधनको बृद्दिले धुलोपन एवं ध्वनी वढ्छ । | प्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | मध्यम समय (१०) | ४० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४) | संकलन/ उत्खनन सामाग्रीको भण्डारणको प्रभाव | नकारात्मक | नदीजन्य पदार्थहरुलाई निश्चित ठाउँमा मौज्दात गर्नु अघि अथवा यी पदार्थहरुलाई प्रशोधन गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ। यसरी ढुङ्गा, गिट्टि, बालुवा तथा माटो धेरै समयसम्म थुप्रिदा वातावरणमा नकरात्मक हानी पर्दछ । जस्तै हावाहुरीमा धुलो उड्ने आदि | प्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | मध्यम समय (१०) | ४० |
| ५) | फोहरमैला एवं खेरजाने सामग्री | प्रदुषण वढ्छ (नकारात्मक) | ढुङ्गा, गिट्टी, वालुवाका संकलन/उत्खनन् कार्यको समयमा खोला किनारमा कामदारको वृद्दिले फोहरमैला एवं खेरजाने सामग्रीले प्रदुषण वढ्न सक्छ । | प्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | २५ |
| **ख) सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण** | | | | | | | | |
| | सकारात्मक प्रभावहरु | | | | | | | |
| १) | आयश्रोतको एवं रोजगारीको अवसर | वढ्छ (सकारात्मक) | नदीजन्य वस्तुहरु उत्खनन् र संकलन कार्यले सो क्षेत्रमा रहेको स्थनिय जनसमुदायलाई रोजगारको अवसर प्राप्त हुनेछ । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | अल्पकालिन (५) | ८५ |
| २) | पहुँच मार्ग मा प्रभाव | सकारात्मक | प्रस्ताव कार्यान्वयन हुने स्थान सम्म ढुवानीको लागी ट्याक्टर, ट्रक, टिपर आवत जावत गर्नको लागी सडकको स्तरउन्नती हुने हुँदा अन्य प्रयोगका लागि समेत उपयोग गर्न सकिने । | अप्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | १०० |
| ३) | नगरपालिकाको आयश्रोत | वढ्छ (सकारात्मक) | नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको संकलन/उत्खनन्को ठेक्का द्धारा श्रोत श्रृजना गर्न सक्ने । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | दीर्घकालिन (२०) | १०० |
| ४) | विकास निर्माण सामाग्रीको उपलव्धता | औद्योगिक विकासमा टेवा पुग्ने (सकारात्मक) | ढुङ्गा, गिट्टी, वालुवाको संकलन/उत्खनन्ले स्थानीय उद्योगलाई नियमति रुपमा कच्चा पदार्थ प्राप्त हुने । | प्रत्यक्ष | उच्च (६०) | स्थानीय (२०) | मध्यम समय (१०) | ९० |
| | नकारात्मक प्रभावहरु | | | | | | | |
| १) | खेतीयोग्य जमीन एवं कृषीजन्य सामाग्री | कमी (नकारात्मक) | खेतीजन्य जग्गा संकलित सामाग्रीको भण्डारणका लागि प्रयोग भई उत्पादनशिल भुमि खेर जाने । | प्रत्यक्ष | मध्यम (२०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २) | खोलाको वरपर वस्ती विस्तार एवं खोला अतिक्रमण तथा नया मानिसहरुको आवागमन | हुन्छ (नकारात्मक) | बाह्य कामदारले बसोबास को लागि शिविर स्थल निर्माण तथा सामाग्री  स्थापित गर्दा । | अप्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | २५ |
| ३) | श्रोतको हकमा हुन सक्ने विवाद | हुन्छ (नकारात्मक) | हाल खेती योग्य नम्बरी जग्गामा खोला बगेको हुनाले सौ क्षेत्रबाट संकलन गर्दा  श्रोत सम्बन्धी विवाद हुन सक्ने | प्रत्यक्ष | उच्च(६०) | विशेष | दीर्घकालिन (२०) | ९० |
| **ग) जैविक वातवरण** | | | | | | | | |
| | नकारात्मक प्रभावहरु | | | | | | | |
| १) | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | हुन्छ (नकारात्मक) | ध्वनी, धुलो र पानी प्रदुषणका कारण माछा एवं अन्य जलचर मा हुन सक्ने हानी । | प्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | दीर्घकालिन (२०) | ४० |
| **घ) रसायनिक वातावरण** | | | | | | | | |
| | नकारात्मक प्रभावहरु | | | | | | | |
| १) | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट | हुन सक्छ (नकारात्मक) | सवारी साधन आवत जावतमा वृद्दि हुनाले । | अप्रत्यक्ष | कम (१०) | स्थानीय (२०) | अल्पकालिन (५) | २५ |
| २) | धुलो एवं धुवा उत्सर्जन | हुन सक्छ (नकारात्मक) | सवारी साधन आवत जावतमा वृद्दि हुनाले । | प्रत्यक्ष | कम (१०) | स्थान विशेष (१०) | अल्पकालिन (५) | २५ |

## अध्याय : आठ

# वातावरण व्यवस्थापन योजना

कुनै पनि योजना निर्माण वा संचालन गर्दा यसका गतिविधिहरुवाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावहरु र त्यसलाई न्यूनिकरण गर्न गरिने प्रस्तावित एकिकृत प्रयासहरुको योजनालाई वातावरण व्यवस्थापन योजना भनिन्छ। यस प्रस्ताव संचालन पुर्व र संचालनको चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरु तथा ध्यान पुऱ्याउनु पर्ने वातावरणीय सवाल, आयोजना लाभ वृद्धिका उपायहरु, नकरात्मक प्रभाव न्यूनिकरणका उपायहरु, त्यसका कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकरात्मक प्रभाव न्यूनिकरणको लागत समेत समावेश हुने गरि वातावणीय व्यवस्थापन योजना तयार गरिएको छ।

## ८.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु

वातावरण संरक्षणका लागि प्रस्ताव गरिएको कुराहरुको कार्यान्वयन तथा पालना भए नभएका सम्बन्धमा र प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने उद्देश्यले वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० र वातावरण संरक्षण नियमावली २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ र सो कार्यका लागी प्रस्तावक नै जिम्मेवार रहने प्रावधान छ। वातावरणीय व्यवस्थापनका लागि जिम्मेवार निकायहरु तल उल्लेख गरिए बमोजिम रहेका छन्।

### ८.१.१ नगरपालिका

नगरपालिका भित्रका नदीप्रणाली तथा खोलावाट ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन र ढुवानी गर्न प्रस्ताव गर्ने संस्था नगरपालिका हो। खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने प्रमुख जिम्मेवारी पनि नगरपालिकाकै हो। ढुंगा, गिट्टी, वालुवा संकलन संवन्धी योजना र नीतिहरु आफ्नो अनुकुल वनाई कार्यान्वयन गर्ने र सोही अनुरुप वातावरणीय व्यवस्थापन र अनुगमन गर्ने गराउने जिम्मेवारी पनि सम्वन्धित नगरपालिकाको दायित्व भित्र पर्दछ।

### ८.१.२ प्रदेश सरकार

मधेश प्रदेश भित्रका स्थानिय तह हरुका नदीप्रणाली तथा खोला बाट ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन र ढुवानी गर्ने कार्यको बारेमा प्रदेश सरकारले समय समयमा विभिन्न निर्देशन तथा दररेट

निर्धारण गर्नेछ । ढुंगा, गिट्टी, वालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने कार्यमा पनि प्रदेश सरकारको समन्वयकारी भूमिका रहनेछ । आफ्नो प्रदेश भित्र बाट ढुंगा, गिट्टी, वालुवा संकलन सम्बन्धी योजना र नीतिहरु आपनो अनुकुल वनाई कार्यान्वयन गर्न र सोही अनुरुप वातावरणीय व्यवस्थापन र अनुगमन गर्नमा पनि प्रदेश सरकारको समन्वयकारी भूमिका रहनेछ ।

### ८.१.३ जिल्ला समन्वय समिति

सिरहा जिल्लाका खोलावाट ढुंगा, गिट्टी, वालुवा उत्खनन्, संकलन र ढुवानी गर्ने कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने संस्था जिल्ला समन्वय समिति हो । खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्ला कै सबैभन्दा उच्च संस्था हो । ढुंगा, गिट्टी, वालुवा संकलन संवन्धी योजना र नीतिहरु आफ्नो अनुकुल वनाई कार्यान्वयन गर्ने र सोही अनुरुप वातावरणीय व्यवस्थापन र अनुगमन गर्ने गराउने जिम्मेवारी सम्वन्धित जिल्ला समन्वय समिति र नगरपालिकाको दायित्व भित्र पर्दछ ।

### ८.१.४ जिल्ला अनुगमन तथा समन्वय समिति

जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारीको समेत सदस्य रहेको जिल्ला अनुगमन तथा समन्वय समितिले  खोलावाट ढुंगा, गिट्टी, वालुवा उत्खनन् संकलन गर्दा पर्ने अनुकुल तथा प्रतिकुल प्रभावहरुको नियमित अनुगमन गर्ने जिम्मेबारी हुन्छ । यसका लागि जिल्ला प्राविधिक कार्यालयको प्रमुख संयोजक, जियोलोजिष्ट वा माइनिङ्ग इन्जिनियर तथा जिल्ला अनुगमन तथा समन्वय समितिले तोकेको वातावरणविद सदस्य रहने गरी उपसमिति गठन गरी अनुगमन गर्नु पर्ने व्यवस्था छ ।

### ८.१.५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समिति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत पर्ने हुंदा केन्द्रिय स्तरको आधिकारीक संस्था संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हो । नेपाल सरकारका नीति नियमहरुको कार्यान्वयनका बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जिल्ला समन्वय समितिलाई निर्देशन दिन सक्छ र त्यसको अनुगमन गर्दछ । IEE प्रतिबेदन कार्यान्वन गर्ने क्रममा ढुंगा, गिट्टी, वालुवा संकलन तथा उत्खनन कार्यको अनुगमन कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत गर्न सक्ने छ ।

## ८.१.६ डिभिजन तथा सव डिभिजन वन कार्यालय

डिभिजन वन कार्यालय, सिरहाको वन क्षेत्र भित्र पर्ने खोला तथा नदीप्रणाली हरुवाट ढुंगा, गिट्टी, वालुवा उत्खनन् संकलन कार्यको स्वीकृती दिन सक्ने आधिकारीक संस्था जिल्ला वन कार्यालय पनि हो। जिल्ला भित्र वाट वग्ने खोलाहरुको किनारवाट, वन क्षेत्रभित्र पर्ने घाटहरु वाट ढुंगा, गिट्टी, वालुवा संकलन कार्य डिभिजन वन कार्यालय र जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाईन्छ। त्यसकारण खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन/उत्खनन् कार्यको वातावरणीय व्यवस्थापनका लागि यस कार्यालयको समन्वयकारी जिम्मेबारी रहेको छ।

## ८.१.७ सरोकारवालाहरु तथा समुदायमा आधारित संघ संस्थाहरु

नगरपालिका भित्र काम गर्ने विभिन्न गैर सरकारी संस्थाहरु, स्थानीय क्लवहरु, सामुदायिक वन उपभोक्ता समुहहरु आदि संघ संस्थाहरुले ढुंगा, गिट्टी, वालुवा संकलन, ढुवानी कार्य र वातावरण संरक्षणमा अगुवाका रुपमा भूमिका खेल्न सक्नेछन्। यस्ता संस्थाहरुले खोलावाट ढुंगा, गिट्टी, वालुवा संकलन/उत्खनन गर्दा परिरहेको प्रतिकुल प्रभावहरुको नियमित अनुगमन र सुचना प्रवाह गरि वातावरणीय व्यवस्थापनका लागि जिम्मेबार रहन सजग गराउन भूमिका खेल्नेछन्।

उपरोक्त बिभिन्न निकायहरु जिम्मेवार देखिएतापनि आफनो क्षेत्रको नदीजन्य पदार्थ उत्खनन् तगा संकलन गर्ने गराउने मुख्य जिम्मेवार निकाय स्थानीय तह नै भएकोले नगरपालिका तथा उत्खनन्कर्ताको महत्वपूर्ण भूमिका रहने देखिन्छ। यस योजना बाट पर्ने जाने सकारात्मक प्रभाव तथा नकारात्मक असर एवं यसका न्यूनिकरणका उपायहरुका बारेमा तल तालिकामा उल्लेख गरिएको छ।

**प्रभाब वढोत्तीकरण एवं न्युनिकरण गर्ने उपायहरु**

तालिका नं. ५ : सकारात्मक प्रभावको बढोत्तरीकरणका लागि 'म्याट्रिक्स'

| क. स. | सकारात्मक प्रभाबहरु | सम्वन्धित सकारात्मक असरहरु | प्रभाव वढाउने उपाय के गर्ने, कसरी गर्ने | कार्यान्वयन गर्न लाग्ने खर्च (वार्षिक) | जिम्मेवारी कसले गर्ने |
|---|---|---|---|---|---|
| १) | जलउत्पन्न प्रकोप घट्छ | नदी तथा खोला वरपर थुप्रिएका श्रोत बस्तु संकलन गर्दा खोलाको धार परिवर्तन नहुने, स्थनिय वसोवास | ▪ संकलन कार्य गर्दा खोलाको बहावलाई विचमा केन्द्रित हुने गरी गर्ने। ▪ खोलालाई सिधा रेखामा बग्ने गरी संकलन कार्य गर्ने। | १,००,००० | ठेकेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुरक्षित हुने । | ▪ निश्चित मात्रामा कामदार लगाईने र तिनीहरुलाई तालिमको ब्यबस्था गर्ने ।<br>▪ तोकिएको मौज्दात परिमाण मात्र संकलन गर्ने जानकारी दिन प्रत्येक संकलन क्षेत्रहरुमा दैनिक संकलन मौज्दात, बार्षिक संकलन दिन तथा समय स्पष्ट उल्लेख हुने गरि होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने । | | |
| २) | आयश्रोतको एवं रोजगारीको अवसर | स्थानिय र पिछाडिएका जनसमुदायहरुलाई जिविकोआर्जनमा सहयोग पुग्ने । | ▪ अनिवार्य रुपमा स्थानिय पिछाडिएका जनसमुदायहरुलाई कामदारका रुपमा लगाईने ब्यबस्था गर्ने । | खर्च नलाग्ने | नगरपालिका |
| ३) | पहुँचमार्गको नियमित मर्मत तथा सुधार | स्थानीय समुदायलाई आवत जावतमा सहज हुने । | ▪ प्रस्ताव कार्यान्वयन पूर्व पहुँचमार्गको स्तरोन्नति तथा निर्माण कार्य | ठेकेदारले नियमीत रुपमा गर्ने | नगरपालिका |
| ४) | नगरपालिकाको आयश्रोत वढ्छ | नगरपालिका लाई वजेट वनियोजनमा केही मात्रामा सहज हुने र आयश्रोत समेत वढ्नाले स्थानिय विकास, निर्माण कार्य वढ्ने । | ▪ नगरपालिकालाई प्राप्त भएको रकम सहि किसिमले प्रयोग भए नभएको नियमित रुपमा अनुगमन गर्ने | खर्च नलाग्ने | नगरपालिका |
| ५) | विकास निर्माण सामाग्रीको उपलव्धता | शहरीकरणलाई टेवा पुग्ने, स्थानीय विकास, निर्माणका काममा परनिर्भरता घट्ने । | ▪ नियमित अनुगमन गर्ने | खर्च नलाग्ने | अनुगमन समित र नगरपालिका |

तालिका नं. ६ : नकारात्मक प्रभावको न्यूनिकरणका लागि 'म्याट्रिक्स'

| क. स. | नकारात्मक प्रभाबहरु | सम्वन्धित नकारात्मक असरहरु | न्युनिकरण गर्ने उपायहरु | उपाय कार्यान्वयन गर्न लाग्ने खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १) | भौतिक संरचनामा नकारात्मक हानी हुने | संरचना भत्कन गई मूख्य सडक अवरोध हुन सक्ने, धनजनको क्षति हुन सक्ने । | ▪ वाटो, कुलो घाटहरुलाई हानी गर्ने भए आवश्यकता अनुसार ग्याविन वाल निर्माण गर्ने ।<br>▪ ढुवानीका लागि नगरपालिका ले तोकिदिएको सडकहरुबाट मात्र गर्ने । | आवश्यकता अनुसार | नगरपालिका ठेकेदार |
| २) | पानी तथा सरसफाईमा नकारात्मक असर हुने | पानी धमिलो हुनाले खोलाको पानीमा आश्रित जनसमुदायलाई सरसफाईमा समस्या | ▪ खुल्ला रुपमा दिशा गर्न निरुत्साहित गर्ने र अनिवार्य रुपमा शौचालय प्रयोग गर्ने ।<br>▪ कामदारहरुद्धारा खेर छाडिएका फोहरहरुको उचित व्यवस्थापन गर्ने । | खर्च नलाग्ने | नगरपालिका |
| ३) | धुलोपन एवं ध्वनी प्रदुषण वढछ | वरपर बसोबास गर्ने मानिसहरुमा हुनसक्ने स्वास्थ्य समस्या | ▪ ढुवानी गर्दा प्रयोग गर्ने कच्चि बाटो नियमित रुपमा पानीले भिजाउने<br>▪ ढुवानी गर्दा संकलित श्रोतबस्तुहरुलाई पूर्णरुपले त्रिपालले छोपेर मात्र ढुवानी गर्ने ।<br>▪ विद्यालय जस्ता संवेदनशील क्ष्ेत्रमा हर्न बजाउन निषेधित गर्ने<br>▪ IEE ले तोकेको समय बमोजिम मात्र उत्खनन् गर्ने | खर्च नलाग्ने (लागेको खण्डमा ठेकेदारले व्याहोर्ने) | ठेकेदार |
| ४) | संकलन/उत खनन सामाग्रीको भण्डारणको प्रभाव | धुलो निम्त्याउने तथा वर्षा हुँदा नजिकको खेतीयोग्य जमीनमा यस्ता वस्तुहरु वगेर गई हानी निम्त्याउने । | ▪ थेग्रिएका बस्तुहरु खोलाको छेउ छाउ थुर्पान निषेध गर्ने र तोकिएको मौज्दात स्थलवाट संकलन गरि सके पछि ति वस्तुलाई ढुवानी गरि सक्ने<br>▪ निजी जग्गा प्रयोग गर्दा | खर्च लाग्ने | ठेकेदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्षतिपूर्ति दिनु पर्ने । | | |
| ५) | फोहरमैला एवं खेर जाने सामग्री | वातावरण प्रदुषित हुने र रोग लाग्न सक्ने | ▪ सरोकारबाला तथा कामदारको वातावरणिय सचेतना बृद्धि तालिम गर्ने ।<br>▪ कामदारहरुलाई स्रोत संरक्षण सम्वन्धी तालिम गर्ने ।<br>▪ फोहोरको उचित व्यवस्थापन गर्ने । | ५०००० | ठेकेदार |
| ७) | जग्गा उपयोगमा हुन सक्ने फरक | स्थानिय प्रशासन र जनसमुदाय वीच असमभ्कदारी | ▪ खोला नियन्त्रण सम्बन्धी योजना कार्यान्वयन गर्ने ।<br>▪ स्थानीयको राय अनुरुप उत्खनन् गर्ने ।<br>▪ भण्डारण गर्दा तोकिएको क्षेत्रमा मात्र गर्ने | खर्च नलाग्ने | नगरपालिका |
| ८) | खोलाको वरपर वस्ती विस्तार एवं खोला अतिक्रमण | जलउत्पन्न प्रकोपको सम्भाव्यता | ▪ स्थायी घर तथा टहरा निमार्ण गर्न बैद्यानिक निषेध गर्ने । | खर्च नलाग्ने | नगरपालिका |
| ९) | माछा एवं अन्य जलचरमा पर्ने प्रभाव | माछा एवं अन्य जलचर मा हुन सक्ने हानी तथा वासस्थान परिवर्तन गर्ने | ▪ IEE ले उल्लेख गरे बमोजिम बर्खाको समयमा उत्खनन् नगर्ने | खर्च नलाग्ने | ठेकेदार |
| १०) | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायन हरुको चुहावट | लुब्रिकेन्ट्स र ग्रिजले गर्दा जल प्रदुशष हुने | ▪ इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रशायनहरुको प्रयोग गर्दा साबधानी अपनाउने र यसको भण्डारण गर्ने ।<br>▪ अति आवश्यक क्षणमा मात्र खोला किनारमा मर्मत तथा संभार गर्ने । | खर्च नलाग्ने | ठेकेदार |

## ८.२ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

नेपालको राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० को प्रावधान अनुसार आधार रेखा अनुगमन, नियमपालन अनुगमन र प्रभाव अनुगमन गरी ३ प्रकारका अनुगमन हुने व्यवस्था गरिएको छ। यस ढुङ्गा, गिट्टी, बालुवा आदि श्रोत उत्खनन् तथा संकलन कार्यको अनुगमन तथा वातावरणीय व्यवस्थापन समय तालिका र योजना तल दिईएको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं ६ : प्रभाव क्षेत्रको अनुगमन, सुचक, तरिका तथा समय तालिका**

| क. स. | अनुगमनको प्रकार | विषय वस्तु | सुचक | तरिका/विधि | समय तालीका | कुल रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | आधार रेखा अनुगमन | नदी तथा खोला किनारको अवस्था | खोला किनारको उत्खनन् स्थानहरु | स्थलगत निरिक्षण GPS Co-ordinate | प्रत्येक ३ महिनामा | ५०००० | नगरपालिका /वन/ ठेकेदार |
| २ | नियमपालन अनुगमन | सिफारिस गरिएका न्यूनीकरणका कार्य भए नभएको | उत्खनन् कार्य तोकिएको स्थान र मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने | स्थलगत निरिक्षण | प्रत्येक २ महिनामा | ३५००० | नगरपालिका ठेकेदार |
| ३ | | संकलन सम्वन्धी तालिम भए वा नभएको | संकलन सम्वन्धी तरिका हेर्ने | स्थलगत निरिक्षण | वार्षिक | २०००० | नगरपालिका /ठेकेदार |
| ४ | | संकलन ईजाजत अनुसार काम भए नभएको | परिचय पत्र, चलानी पूर्जि आदि | स्थलगत निरिक्षण र चलानी पूर्जि आदि | वार्षिक | २०००० | नगरपालिका /ठेकेदार |
| ५ | | जनचेतना अभिबृद्धि कार्य भए नभएको | स्थानीय जनताहरुमा भएको जानकारी | छलफल | वार्षिक | १५००० | नगरपालिका /ठेकेदार |
| ६ | | सुरक्षा, स्वास्थ्य | आधुनिक औजारको प्रयोग, विरामी रेकर्ड र सोधपुछ | स्थलगत निरिक्षण | ६/६ महिनामा | १५००० | नगरपालिका /ठेकेदार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | | तोकिएको परिमाण वा बढी संकलन गरेको वा नगरेको | संकलन तथा उत्खनन भएको पैदावारको निरिक्षण | संकलित श्रोत जाँच र स्थलगत निरिक्षण | प्रत्येक महिनामा | १०००० | नगरपालिका /ठेकेदार |
| ८ | | संवेदनशील स्थानमा संकलनकार्य भए नभएको | संवेदनशील क्षेत्रको विवरण | स्थलगत निरिक्षण | ६/६ महिनामा | १०,००० | नगरपालिका /ठेकेदार |
| ९ | प्रभाव अनुगमन | भू संरक्षण कार्य गरे नगरेको | गल्छी निर्माण, छेकवाँध, बाटो | स्थलगत निरिक्षण | प्रत्येक २ महिना | २०००० | नगरपालिका |
| १० | | भौतिक संरचनाको संरक्षण भए नभएको | खोला किनारको संरक्षित क्षेत्र, भौतिक संरचना तलमाथिको क्षेत्र, खोलाको बहाव आदि | स्थलगत निरिक्षण | प्रत्येक ६ महिना | २०००० | नगरपालिका |
| ११ | | वायु, धुवा, ध्वनीको प्रदुषण | संकलन गर्ने तरिका तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको जाँच | स्थलगत निरिक्षण, स्थानीय मानिससँग सोधपुछ | प्रत्येक ६ महिना | १५००० | नगरपालिका |
| १२ | | स्थानीय रोजगार | कामदारको नाम ठेगाना आदि | स्थलगत निरिक्षण, छडके जांच | काम शुरु गर्दा एकपटक | १०००० | नगरपालिका |

## ८.३ अनुगमन र न्युनिकरणको खर्चको विवरण

लहान नगरपालिकाको बलान नदीप्रणाली अन्तरगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाको बगर क्षेत्रवाट दिगो रुपमा ढुँगा, गिट्टी तथा वालुवाको उत्खनन् तथा संकलन कार्य सञ्चालनका लागि वातावरणीय अनुगमन तथा नकरात्मक प्रभाव न्युनिकरणका लागी वातावरणीय व्यवस्थापन तथा अनुगमनको लागी कुल रकम रु ५,००,०००/- मात्र अनुमान गरिएको छ।

## ८.४ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरुको संगठनात्मक स्वरुप

वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरु र सम्बन्धित निकाएको क्षेत्राधिकार तल दिईएको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ७ : वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि जिम्मेवार निकायहरु र सम्बन्धित निकायको क्षेत्राधिकार

| क.सं. | जिम्मेवार निकाय | काम र कर्तब्य |
|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय | नीति, नियम तथा योजना निर्माण |
| ३ | राष्ट्रिय योजना आयोग | नीति, नियम तथा योजना निर्माण |
| ४ | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अनुगमन |
| ५ | जिल्ला समन्वय समितिको कार्यालय | अनुगमन (नदि जन्य बस्तुको उत्खनन् तथा संकलन कार्यमा संलग्न ठेकेदार) |
| ५ | डिभिजन वन कार्यालय | वन क्षेत्रमा उत्खनन् सम्वन्धि संमन्वयन (जिल्ला समन्वय समितिको कार्यलय) |
| ६ | NGOs, CBOs, Line agencies, सरोकारवाला, न.पा., स्थानिय समुदाय तथा अन्य सरोकारवाला व्यक्ति वा संस्था | निरीक्षण (नदि जन्य बस्तुको उत्खनन् तथा संकलन कार्यमा संलग्न ठेकेदार, समुदाय तथा अन्य संघ संस्था) |
| ७ | जिल्ला अनुगमन तथा समन्वय समिति | उत्खनन् क्षेत्रको समय समयमा अनुगमन गरि सम्वन्धित नगरपालिका र ठेकेदारलाई आवश्यक सल्लाह दिने |

## अध्याय : नौ

# निष्कर्ष एवं प्रतिबद्धता

### ९.१ निष्कर्षहरु

लहान नगरपालिकाको बलान नदीप्रणाली को बलान तथा खुट्टी नदीहरु एवं सर्रे खोलाको वगर क्षेत्रवाट दिगो रुपमा ढुंगा, गिट्टी तथा वालुवाका उत्खनन् तथा संकलन कार्य सञ्चालनका लागि दिगो र वातावरणमैत्री योजना बनाई कार्यन्वयन गरिएमा श्रोतको समुचित सदुपयोग हुनुका साथै वातावरण व्यवस्थापनमा पनि सहयोग पुग्ने देखिन्छ। विकास निर्माणका कार्यहरुका लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतहरु वातावरणीय परीक्षण अध्ययन बमोजिम वैज्ञानिक तरिकाद्वारा उत्खनन् तथा संकलन हुँदा श्रोतमा आधारित उद्योगहरु र निर्माणका आयोजनाहरु संचालनमा आई स्थानीयस्तर देखि राष्ट्रिय स्तरसम्म अर्थतन्त्रमा योगदान पुग्ने देखिन्छ ।

लहान नगरपालिकको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाको वगर क्षेत्रवाट दिगो रुपमा ढुँगा, गिट्टी तथा वालुवाको संकलन कार्यका लागी फिल्ड सर्वेक्षणको क्रममा सङ्कलन गरिएको विवरण अनुसार उत्खनन् गर्न सकिने क्षेत्रको चौडाई ५० मि देखि १४० मीटर सम्म तथा लम्बाई १०० मिटर देखि ३००० मीटर सम्म गहिराई ०.६ मि रहेको छ। यसरी खोलामा जम्मा भएको ढुङ्गा, गिट्टी तथा वालुवाको कुल परिमाण २५६५०० घ.मि हुने देखिन्छ। यस प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार प्रत्येक वर्ष १७९५०० घ.मि श्रोत उत्खनन कार्य गर्दा खोलामा प्रतिकुल वातावरणीय प्रभाव नपर्ने पाईएको छ। यस प्रतिवेदनद्वारा निर्दिष्ट न्युनिकरण उपायहरु अवलम्बन गरेमा यस बलान नदीप्रणाली बाट प्रत्येक वर्ष १७९५०० घ.मि ढुंगा, गिट्टी तथा वालुवा उत्खनन् तथा संकलन गन सकिने छ। यस कार्यबाट हालको कार्यपालिकाले निर्धारण गरेको बिक्री दरलाई आधार मान्दा नगरपालिकाले वार्षिक रुपमा राजश्य बापत न्यूनतम रुपमा पनि रु. १९००००००।०० आम्दानि गर्न सक्ने देखिएको छ। निर्धारित परिमाण भन्दा बढि श्रोत उत्खनन् गर्नु परेमा यसका अतिरिक्त वातावरणीय प्रभाव मुल्यांकन अध्ययन गर्नु पर्ने देखिन्छ।

## ९.२ प्रतिवद्धता

- उत्खनन् कार्य सुरु हुनु अघि सम्पुर्ण सरोकारवालालाई (नगरपालिकाका सम्वन्धित कर्मचारी, जनप्रतिनिधिहरु, ठेकदार, तथा स्थानिय वासीहरु आदी) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरण संरक्षण सम्बन्धी जानकारी गराइनेछ ।
- उत्खनन् कार्यका सम्बन्धमा नगरपालिकाबाट नियमित रुपमा अनुगमन गरि गराई प्रतिबेदन पेश गरिनेछ ।
- संकलन गरिएको राजस्व अनुपातको न्यूनतम रुपमा पनि ५ प्रतिशत रकम वरपरका बस्ती तथा बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने योजना तथा कार्यक्रममा खर्च गरिनेछ ।
- व्यवस्थापन तथा अनुगमन योजनामा दिइएका रोकथाम तथा न्युनिकरणका उपायहरुको अनिवार्य कार्यान्वयन र त्यसको नियमित अनुगमन गरिनेछ ।
- ठेक्का संम्झौतामा उल्लेख भएको परीमाण, स्थान, तथा ढुवानी आदीको नियमित अनुगमन गर्ने ब्यवस्था मिलाईनेछ ।
- प्रत्येक वर्ष वर्षायाम पछि थुप्रीएका ढुगां, वालुवा तथा गिट्टिको परीमाण नाप जाचँ गरि अभिलेख राख्ने र ठेकेदारले वर्षमा कुन स्थानवाट कति परीमाणमा संकलन गऱ्यो त्यसको अभिलेख राखि ब्यवस्थित बनाईनेछ ।
- उत्खनन् तथा संकलन कार्य गर्दा गराउदा नदी तट, पुल कल्भर्ट तथा अन्य सार्वजनिक संरचनाहरुको सुरक्षा तथा संरक्षणमा बिशेष ध्यान दिइनेछ ।

## सन्दर्भ सामाग्रीहरु


- नेपालको संबिधान २०७२
- वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- वातावरण संरक्षण रणनीति, २०४५
- राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका, २०५२
- वन ऐन, २०७६ र वन नियमावली, २०७७
- राष्ट्रिय जैविक विविधता संवन्धी रणनीति, २०५९
- भू-तथा जलाधार संरक्षण ऐन, २०५२
- लहान नगरपालिकाको संक्षिप्त वतावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यबिधि, २०७९
- केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ तथा २०७८ को प्रारम्भिक प्रतिबेदन
- लहान  नगरपालिका, नगरपालिका पाश्र्व चित्र, २०७५
- नापी विभाग, टोपोग्राफिक नक्शाहरु, १९९२
- नेपाल सरकार, प्राविधिक समिति, रोडा, ढुंगा, गिट्टी तथा वालुवा नियमन् सम्बन्धी प्रतिवेदन, २०६७
- जिल्ला स्तरवाट नदीजन्य पदार्थ संकलन र उत्खनन् कार्यका लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसुची तथा प्रतिवेदन स्वीकृति सम्वन्धी मार्गदर्शन, २०७३
- स्थानिय सरकार सञ्चालन ऐन, २०७४
- मधेश प्रदेश सरकारको आर्थिक ऐन, २०७९
- लहान नगरपालिकाको आर्थिक ऐन, २०७९
- लहान नगरपालिकाको बिनियोजन ऐन, २०७९
- Initial Environmental Examination, Department of Finance, Government of Meghalaya for the Asian Development Bank. 2013
- Initial Environmental Examination Village Haji Mehaar Kapoorani Taluka Ghorabari Thatta District, IUCN. 2010
- MATA INTERNATIONAL CO., LTD. Initial Environmental Examination (IEE) Report. Amata Garden Resort Hotel. By E Guard Environmental Services, 2015.
- www.torismdepartment.gov.np
- www.moep.gov.np
- https://www.adb.org/sites/default/files/project-document/74282/38456-034-pak-iee-40.pdf
- https://www.adb.org/sites/default/files/linked-documents/46166-001-ind-ieeab.pdf
- https://www.amatainleresort.com/wp-content/uploads/2016/09/Amata-Inle-Garden-IEE-Report.pdf
- https://en.wikipedia.org/wiki/Ministry_of_Forests_and_Environment_(Nepal)
- स्थानीयस्तरबाट प्राप्त बिभिन्न सूचना तथा जानकारीहरु ।

# अनुसुची १ : परीक्षण सुची

लहान नगरपालिकाको बलान नदीप्रणाली अन्तरगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र वालुवा उत्खनन्/संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार गर्दा स्थानिय संग गरिने छलफल गर्न तयार पारिएको प्रस्नावलीको खाका ।

## भौतिक, जैविक, आर्थिक, सामाजिक तथा साँस्कृतिक वातावरणको आँकाडा संकलन खाका

### १. उत्खनन् स्थलको आधारभुत अवस्था

**क. उत्खनन् स्थलको नाम**

| अवस्थिति | | | कोअर्डिनेट | उचाइ | भु-वनोट/भौगोलिक अवस्था |
|---|---|---|---|---|---|
| जिल्ला | न.पा. | वडा | | | |
| | | | | | |

**ख. प्रस्ताव विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खोलाको प्रकार/प्रकृती | | | | | | |
| उत्खनन् स्थलको नाम तथा सुरु र अन्तिम विन्दु | | | | | | |
| उत्खनन् स्थलको सरदर लम्बाई र चौडाई | | | | | | |
| उत्खनन् स्थलमा खोलाको सरदर चौडाई | | | | | | |
| थेग्रीने सेडिमेन्टको प्रकार | मटो | वलुवा | ढुंगा | गिट्टी | पेवेल | चट्टान |
| उत्खनन् स्थलमा भौतिक पुवाधार | सडक | खानेपानी | सिचाई | विद्युत | स्वास्थ्य सेवा | विद्यालय |
| धर्मिक तथा सांस्कृतिक स्थलहरु | मन्दिर | चर्च | गुम्वा | चिहान | | |
| उत्खनन्को लागि प्रयोग हुने सामाग्री | | | | | | |
| सडकको अवस्था | राजमार्ग | कच्ची | गोरेटो | अन्य | | |
| जमिनको उपयोग | जंगल | खेति | बस्ति | वाझो | अन्य | |
| भैगर्भिक बनावट | | | | | | |

**ग. प्रस्ताव कार्यन्वयन वाट उर्त्सजन हुने वस्तु**

- ठोस :

- तरल :
- ग्याँस :

**घ. इन्धन खपत :**

**ङ. प्रविधिको प्रयोग :**

**च. कामदारको श्रोत :**

**छ. आवश्यक वस्तु :**

**ज. निर्माण वस्तुको श्रोत**

## २. भौतिक वातावरण

**क. भुगोल तथा भौगर्भ अवस्था**

| प्रस्तावको क्षेत्र | उचाई | वहाव | मोहडा | भौगर्भ | भू-बनोट | माटोको प्रकार |
|---|---|---|---|---|---|---|
| दायाँ | | | | | | |
| वायाँ | | | | | | |
| पहुँच सडक | | | | | | |

**ख. भूउपयोग अवस्था**

| क्र.स | भू-उपयोग प्रकार | क्षेत्रफल/हेक्टर/रोपनी | अवस्थिति/न.पा./वडा |
|---|---|---|---|
| १ | जंगल | | |
| २ | झाडी | | |
| ३ | खेतीपाती | | |
| ४ | वाझो जमीन | | |
| ५ | खोला, खोला, चट्टान | | |
| ६ | अन्य | | |

**ग. जलवायुको अवस्था :**

**घ. प्रस्ताव क्षेत्र भित्रका मुख्य खोला नाला :**

ङ.    सम्वेदनशिल क्षेत्रहरु भू-क्षय क्षेत्र वाडी लाग्ने क्षेत्र :

च.    महत्वपुर्ण क्षेत्र :

छ.    खाली ठाउँ खेल चौर, चौतारा, अन्य :

झ.    हावाँ, पानी र ध्वनी प्रदुषण :

## ३.    जैविक वातावरण वनस्पति तथा जंगलको आकडा संकलन खाका

क.    वनस्पती तथा जंगलको स्थलगत अवस्था

| अवस्थिती | प्रस्ताव क्षेत्र वाट | जंगलको प्रकार | | | | अनुमानित क्षेत्रफल/हेक्टर | बनावट | व्यवस्थापन |
|---|---|---|---|---|---|---|---|---|
| | | निकुञ्ज | राष्ट्रिय वन | सामुदायिक वन | निजि | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

ख. स्थलगत वनस्पति तथा जनावर

| अवस्थिती | वनस्पति | जडिबुट्टी | जनावर/चरा | जलचर | सुरक्षित जनावर/वनस्पति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**ग. वनपैदावारको मुख्य श्रोत**

| वनको नाम | इन्धन/दाउरा/घाँसपात (परिमाण) | काठ (परिमाण) | जडिवुट्टि (परिमाण) | प्रस्तावित प्रस्तावको प्रभाव उत्खनन्/संकलन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## ४. आर्थिक, सामाजिक तथा सांस्कृतिक वातावरण

**क. प्रभाव क्षेत्रको वसोवास**

| न.पा.को नाम तथा वडा | वसोवासको नाम | मुख्य जनजाति | घर संख्या | जनसंख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**ख. थर तथा जनजाति**

| न.पा.तथा वडाको नाम | घर संख्या/जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाह्मण | क्षेत्री | थारु | नेवार | मगर | यादव | पास्वान | राम | दलत | अन्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

### ग. प्रभाव क्षेत्र भित्रको व्यक्तिगत सम्पत्तिको विवरण

| अवस्थिती | घर/चिया पसल/ भौतक संम्पति | कृषि योग्य जमिन/ हेक्टर | जलश्रोत/मुल/धारा/ईनार | विद्युत सेवा | नर्सरी/ बगैचा | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

### घ. प्रस्ताव क्षेत्र भित्र कामदारको अवस्था

| न.पा./वडा/वस्ति | संख्या/प्रकार/दैनिक ज्याला | | | महिला | पुरुष |
|---|---|---|---|---|---|
| | सिप भएको | अर्ध सिप भएको | सिप नभएको | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### ङ. मुख्य पेशा

| न.पा./वडा/वस्ति | मुख्य पेशा/जनसंख्या/घर परिवार | | | |
|---|---|---|---|---|
| | कृषि | व्यवसाय | नोकरी | अन्य |
| | | | | |
| | | | | |

### च. प्रस्ताव क्षेत्रमा हुने फाइदा जनक कार्य

| न.पा./वडा | वस्ति | घर संख्या | जनसंख्या | फाइदा हुने क्षेत्र |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

छ. महत्वपूर्ण स्थान/पर्यटकिय क्षेत्र :

ज. वसाई सराई प्रवृति

| न.पा./वडा | वस्ति | उद्येश्य | घरपरिवार | विवरण | सरदर वस्ने समय | विप्रेशण/व्यक्ति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

झ. निर्यात/आयात

ञ. सरदर जमिनको स्वामित्व

| न.पा./वडा | वस्ति | सिनंचित जमिन | सिचाई नहुने जमिन | खरवारी | जंगल | मुख्य वाली |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची २ : स्थानीय रुपमा प्रकाशित सार्वजनिक सूचना

**लहान नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

सिरहा

मधेश प्रदेश, नेपाल

**नदीजन्य पदार्थ उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने गराउने कार्य सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७९।०५।२३

यस नगरपालिका क्षेत्र भएर बलान नदीप्रणाली अन्तरगत पर्ने बलान तथा खुट्टी नदीहरुको तपसिलका क्षेत्र र आसपासबाट ढुंगा, गिट्टी, बालुवा जस्ता नदीप्रणाली जन्य पदार्थ संकलन तथा उत्खनन् कार्यलाई व्यवस्थित बनाउनका लागि वातावरण संरक्षण ऐन २०७६ तथा वतावरण संरक्षण नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सिलसिलामा अध्ययन गर्न लागिएको छ। यस सम्बन्धमा नियमावलीको नियम ४ को उप नियम २ बमोजिम प्रारम्भिक वातावरणीय प्रस्तावको अध्ययन गर्दा प्रस्तावित क्षेत्रहरुमा भौतिक, जैविक, सामाजिक, सास्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यसका अवयवहरु तथा ती बीच के कस्तो प्रभाव पर्छ भनि यकिन गर्न आवश्यक भएकोले उक्त प्रस्ताव कार्यान्वयन गर्दा पर्न सक्ने उपरोक्त प्रभावहरु बारे यस नगरकार्यपालिका कार्यालय वा सम्बन्धित वडा कार्यालयहरुमा ७ दिन भित्र आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन सम्पूर्ण सरोकारवाला हरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ

| क्र.सं | नदीप्रणाली तथा खोलाको नाम | मुख्य उत्खनन स्थलहरु | वडा नं |
|---|---|---|---|
| १ | लहान नगरपालिका क्षेत्र भएर वग्ने बलान नदी प्रणाली र आसपासका क्षेत्र | ईटर्वा, करैया, बिहरपुर, दौतलपुर र तेलेवाना आसपासका क्षेत्रहरु | १६, १७, १९ र २३ |
| २ | लहान नगरपालिका क्षेत्र भएर वग्ने खुट्टी नदीप्रणाली र आसपासका क्षेत्र | बस्तिपुर, भदैया र बिरगाँउ आसपासका क्षेत्रहरु | १४, १८ र १५ |
| ३ | लहान नगरपालिका क्षेत्र भएर वग्ने सर्रे खोला र आसपासका क्षेत्र | बन क्षेत्र नजीकको रनाह | २४ |

**प्रमुख प्रशासकीय अधिकृत**

अनुसुची ३ : स्वीकृत कार्यसुची

बलान नदी प्रणालीबाट नदिजन्य पदार्थ उत्खनन कार्य

संचालनको लागि

# प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची

प्रस्तावक

**लहान नगरपालिका**

**सिरहा**

IEE प्रतिवेदन तयार पार्ने संस्था

RB Engineering Consultancy
Khadak Municipality
Saptari, Nepal

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूचीको

# १. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

### १.१. प्रस्तावको नाम : बलान नदीप्रणाली बाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन् एवं संकलन गर्ने ।

**संचालकको नाम** : लहान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**ठेगानाः** सिरहा, मधेश प्रदेश, नेपाल

### १.२ जग्गाको बिबरण :

अवस्थिति : बलान नदीप्रणाली अन्तगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोला
क्षेत्र : बलान नदीप्रणाली अन्तरगतको बलान तथा खुट्टी नदी र सर्रे खोलाको पुर्वी तथा पश्चिमी किनार क्षेत्र

### १.३ प्रारम्भिकवातावरणीय परिक्षणको कार्यसूची प्रतिवेदन तयार पार्ने संस्था

RB Engineering Cosultancy
Khadak Municipality-6, Saptari
Nepal

# २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता:

### २.१ प्रस्तावको पृष्ठभूमि :

मधेश प्रदेश अन्तर्गत सिरहा जिल्लामा पर्ने यस लहान नगरपालिकाका अधिकांश घरधुरीहरू परम्परागत कृषि पेशामा निर्भर रहेका छन्, स्थानीय श्रोतको उच्चतम सदुपयोग गर्ने तथा स्थानीय श्रोत सङ्कलन र सदुपयोगको वैधानिक पद्धति कायम गर्नु अपरिहार्य रहेको महशुश गरेकाले लहान नगरपालिका क्षेत्रमा प्रशस्तमात्रामा रहेका निर्माण सामाग्री दिगो एवं वातावरणमैत्री सङ्कलन/उत्खनन् गर्ने योजना बनाइएको छ । हाल यस क्षेत्रमा जनसङ्ख्या वृद्धिसँगै सोहीअनुपातमा विकास निर्माणका कार्यहरु पनि तीव्र गतिमाअघि बढिरहेका हुँदा

निर्माण कार्यलाई आवश्यक पर्ने निर्माण सामाग्रीहरुको माग यस क्षेत्रमा तिव्र रुपमा बढ्दै गइरहेको छ । यस नगरपालिका अन्तरगत भएर बहने नदीका सतहहरुमा प्रसस्त मात्रामा ढुंगा, बालुवा तथा ग्रावेल रहेको छ । उक्त स्थानहरूमा मोटर बाटोको पहुँच पुगेकोले नदीजन्य पदार्थ चोरी निकासी तथा अव्यवस्थित सङ्कलन/उत्खनन हुने सम्भावना यस क्षेत्रमाउच्च रहेको छ । तसर्थ नगरपालिकाले बलान नदीप्रणाली को बलान तथा खुट्टी नदी एवं सर्रे खोलाका बिभिन्न नाकाका किनारहरु बाट दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन संघीय, प्रदेश तथा स्थानीय सरकारले तोकेको प्रावधानभित्र रही गर्ने योजना बनाइएको छ ।

## २.२ प्रस्तावको प्रकार :

बलान नदीप्रणाली अन्तरगतका नदीहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन् एवं संकलन गर्ने ।

## २.३ प्रस्तावको प्रमुख:

| | | |
|---|---|---|
| १. | **प्रस्तावको नाम:** | लहान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिरहा |
| २. | **प्रस्तावको अवस्थिति (स्थान):** | |
| | प्रदेश | मधेश, प्रदेश |
| | जिल्ला : | सिरहा |
| | नगरपालिका : | लहान नगरपालिका |
| ३. | **भौगोलिक/हावापानीप्रकृतिएवं विवरण :** | |
| | उत्खनन् क्षेत्र | नगरपालिका क्षेत्रमा पर्ने बलान नदीप्रणाली अन्तरगतको बलान तथा खुट्टी नदी तथा सर्रे खोलाको पूर्वी तथा पश्चिमी किनार |
| | भूबनोट | तराइ क्षेत्र |
| | माटो | ढुंगा, गिट्टी तथा बालुवा तथा भरौट |
| | उचाइ (समुद्रसतहमाथिको) | नगरपालिकाको उचाई समुद्र सतहबाट ९० मी.देखि ४०० मी.सम्म |
| | हावापानी/जलवायु परिवर्तन | उष्ण जलवायु |
| | भू-उपयोग | उत्खनन्क्षेत्र वरपर मुख्यतया कृषि भूमि तथा वस्ती |
| ४. | **सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया :** | |
| | सङ्कलन/उत्खनन् क्षेत्र | लहान नगरपालिकाको वडा नं १४, १५, १६, १७ १८, १९, २३ र २४ |
| | प्रस्तावित क्षेत्रमाजाने पहुँचमार्ग (Access road) | पूर्व पश्चिम तथा सरगरामाथा लोक मार्ग |
| | सङ्कलन/उत्खनन् कार्यमाप्रयोग हुने सामग्रीवा मेसिनरी | बिहान सुर्योदयदेखि बेलुकी सुर्यास्तसम्म |

| | | |
|---|---|---|
| | दैनिक/वार्षिक सङ्कलन/उत्खनन्को परिमाण (Daily/Yearly Collection/Extraction Volume) | ६६५ घन मि. प्रतिदिन /१७९५०० घन मी. प्रतिवर्ष |
| | सङ्कलन/उत्खनन् गरिने अवधि(Collection/Extraction Period) | असार, श्रावण, र भाद्र बाहेक अन्य नौ महिना |
| | सङ्कलन/उत्खनन् स्थलको सङ्ख्या(Number of Collection/Extraction Sites) | ६ |
| | सङ्कलन/उत्खनन् गरिने सामग्रीहरु (Materials to be Extracted) | ढुंगा, गिट्टी तथा बालुवा |
| | प्रस्तावअर्न्तगतकाकार्यहरु (Proposal Component Activities) | संकलन, उत्खनन् तथा ढुवानी |
| | प्रभावित वडा, नगरपालिका/बस्तीआदि (affected VDCs/Settlements) | लहान नगरपालिकाको वडा नं १०, १३, १४, १५, १६, १७ १८, १९, २३ र २४ |
| ५. | **IEEप्रतिवेदनको वैधानिकता(Validity of the IEE Report)** | स्वीकृत भएको मितिले २ वर्ष सम्म |

## २.३ प्रस्तावको विवरण :

### २.३.१ प्रस्ताव क्षेत्रको अवस्थिति :

भौगोलिक अवस्थिति हेर्दा ८६°४९'५५" पुर्वी देशान्तर र २६°४८'७३" उत्तरी अक्षांशमा अवस्थित यस लहान नगरपालिका मधेश प्रदेशको राजधानी जनकपुर बाट ९० किलोमिटर टाढा अवस्थित सिरहा जिल्लामा रहेको एउटा धार्मिक, व्यवसायिक तथा औद्योगिक क्षेत्र हो । यस प्रस्ताव अर्न्तगत उत्खनन र संकलनका स्थलहरु बलान नदी प्रणाली अन्तरगत पर्ने बलान तथा खुट्टी नदीका पूर्वी तथा पश्चिमी किनारका बगर क्षेत्रहरु पर्दछन् जुन लहान नगरपालिका वडा नं १४, १५, १६, १७ १८, १९, २३ र २४ मा पर्दछ ।

### २.३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुँच :

प्रस्तावीत क्षेत्रमा पहुँच मार्गको रुपमा पूर्व पश्चिम लोक मार्ग तथा बिभिन्न पक्की सडक तथा अन्य सहायक ग्राभेल तथा कच्ची सडक सडक खण्डहरु रहेकाछन् ।

### २.३.४ सङ्कलन/उत्खनन् र ढुवानी (कार्य र विधि) :

तोकिएको ठाउँबाट ढुंगा, बालुवा, गिट्टी लगायतका नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् गर्दा कुटो, कोदालो, साबेल, बेल्चा जस्ता हाते औजार को मात्र प्रयोग गरिने छ तथा कामदारहरुको र ढुवानीको लागि मिनी ट्रक तथा ट्रिपर, ट्याक्टर आदिको प्रयोग गरिने छ । कुनै बिशेष वा आपतकालिन परिस्थितिमा बिपद ब्यवस्थापन समितको सिफारिसमा मात्र हेभि मेशिन औजार प्रयोग गर्न सकिने छ ।

### २.३.५ कार्यसूचीको उद्देश्य :

यस कार्यसूचीको उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

- प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन कार्यलाई निर्देशन गर्नु ।
- प्रस्ताव कार्यान्वयनका कारणले प्रस्ताव क्षेत्रको भौतिक, जैविक, आर्थिक तथा सामाजिक वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरु पहिचान गर्नु ।
- प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा पर्न सक्ने नकारात्मक असरहरु कम गर्ने उपायहरू पहिचान गर्नु ।
- प्रारम्भिक वातावरणीय परिक्षण गर्दा अध्ययन गरिनुपर्ने विषयहरू पत्तालगाउनु ।
- सरोकारवालाहरुको राय सुझाव लिनु
- अध्ययनको क्षेत्रतथा समयरेखा निर्धारण गर्नु ।
- नेपाल सरकार तथा स्थानीय सरकारले जारी गरेका कानूनी तथा नीतिगत प्रावधान तथा प्रक्रिया को पालना गर्नु गराउनु ।

### २.३.६ प्रारम्भिकवातावरणीय परिक्षणको उद्देश्य :

प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नाका प्रमुख उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- प्रस्तावक्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, आर्थिक तथा सामाजिक वातावरणको लिखित तयार पार्ने ।
- प्रस्ताव कार्यान्वयनका कारणले प्रस्ताव क्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, आर्थिक तथा सामाजिक वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरु पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने ।
- प्रस्ताव कार्यान्वयनका कारणले पर्न सक्ने नकारात्मक असरहरु न्यूनीकरण गर्न उपायहरू पहिचान गर्ने ।
- सङ्कलन कार्यमा रोजगारमा योगदान दिइ राष्ट्रिय तथा स्थानीय आय बृद्धि गर्न सघाउ पुऱ्याउने ।
- प्रस्ताव क्षेत्रबाटदिगो एवं वातावरण मैत्री रुपमा सङ्कलन/उत्खनन् गर्न सकिने निर्माण सामग्रीको परिमाण आँकलनगर्ने ।
- स्थानीय श्रोतको उच्चतम सदुपयोग गर्ने ।
- स्थानीय श्रोत सङ्कलन र सदुपयोगको वैधानिक पद्धति कायमगर्ने ।

### २.३.७ प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्नुको आवश्यकता

प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा पर्न सक्ने सकारात्मक प्रभावको बढोत्तरी एवं नकारात्मक प्रभावहरु न्यूनीकरण गर्नका लागि, वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली अनुसार **ग्राभेल** दिगो सङ्कलन/उत्खनन् कार्य कार्यान्वयन गर्नुभन्दा अगाडि प्रस्ताव प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण अनिवार्य रुपमा गर्नु पर्ने प्रावधान पूरा गर्न । साथै प्रस्ताव क्षेत्रबाट दिगो एवं वातावरण मैत्री रूपमा सङ्कलन/उत्खनन गर्न सकिने निर्माण सामग्रीको परिमाण आँकलनगर्न, प्रस्ताव कार्यान्वयनका कारणले प्रस्तावक्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, आर्थिक तथा सामाजिक वातावरणमा देखिन सक्ने सम्पूर्ण सकारात्मक तथा नकारात्मक असरहरु पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने तथा न्यूनीकरणका उपायहरू पहिचान गर्न IEE अध्ययन गर्न आवश्यक छ ।

## २.३.८ प्रस्ताव कार्यान्वयन बाट हुन सक्ने नकारात्मक प्रभाव न्यूनिकरण गर्ने गराउने उपायहरु

लहान नगरपालिका अन्तरगत पर्ने बलान अन्तरगतको बलान तथा खुट्टी नदी एवं सर्रे खोलाको बगर क्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थहरु उत्खनन् गर्दा गराउदा आउने नकारात्मक प्रभावहरु न्यूनिकरणका लागि मुख्य रुपमा निम्न उपायहरु अवलम्बन गर्नु पर्ने देखिन्छ ।

- नदी तट मा आवश्यकता अनुसार स्पर तथा तार जाली ग्याविन वाल निर्माण गर्ने
- पानीको सतहबाट उत्खनन् नगर्ने
- ढुवानीका लागि तोकिएको सवारी साधन र मार्ग मात्र प्रयोग गर्ने
- नदीजन्य पदार्थ ढुवानी छोपेर मात्र गर्ने
- ढुवानी तथा उत्खनन्का लागि निजी जग्गाको प्रयोग नगर्ने
- फोहोर मैलाको उचित व्यवस्थापन गर्ने
- उत्खनन् गर्ने गराउने कार्य गर्दा स्थानीय बासी संग समन्वय गर्ने
- उत्खनन् बाट प्राप्त तोकिएको प्रतिशत रकम स्थानीय बासीहरुको उत्थान विकास एवं आय आर्जनका लागि खर्च गरिनु पर्ने
- उत्खनन् गर्दा बोट विरुवाहरुको संरक्षण गर्ने
- उत्खनन् गरिएको पदार्थ तोकिएको स्थानका मात्र भण्डारण गर्ने
- अनुगमनको प्रभावकारी व्यवस्था मिलाउने ।

अनुसुची ४ : उत्खनन् तथा संकलन क्षेत्रका तस्विरहरु







14/09/2022 17:


14/09/2022 17:39


14/09/2022 17:57


14/09/2022 17:


14/09/2022 17:5



# अनुसुची ५ : प्रस्ताव क्षेत्रको नक्शाहरु




TRANSPORT MANAGEMENT...
Lahan
लहान
SS ELECTRIC AND VIDEO PRODUCTION
Lahan-17 Balansher
Balanser-mutni pratham bridge
Balan River
BHADAIYA
भदैया
Pakadiyagadh get:4(bhojnalay)
3(Baba khola)
Ta Gobindapur
Lahan,Pratham hanging bridge(0.483km)
Balan River

## अनुसुची ६ : IEE अध्ययनमा संलग्न विज्ञहरु

| क.स | विज्ञहरुको नाम | पद |
|---|---|---|
| १ | डा.नारायण प्रसाद घिमिरे | वनस्पती विज्ञ (टिम लिडर) |
| २ | राम प्रसाद गोतामे | वातावरणविज्ञ |
| ३ | नारायण गोपाल घिमिरे | जियोलोजिस्ट |
| ४ | अजक कुमार भगत | सिभिल इन्जिनियर |
| ५ | गिता पौडेल | समाजशास्त्री |

## अनुसुची ७ : IEE प्रतिवेदन सिफारिस समितिले दिएका अनिवार्य कार्यान्वयन गर्नु गराउनु पर्ने सुझावहरु

१. उत्खनन् तथा संकलनको समयमा स्थानीयहरु वाट आउन सक्ने सामाजिक अवरोध तथा समस्याहरुको वार्ता र संवाद द्वारा समाधान गर्ने ।

२. उत्खनन् क्षेत्रमा उत्खनन्को परिमाण, ठेक्का तथा राजश्व विवरण खुलाई होडिङ बोर्ड राख्नु पर्नेछ ।

३. ढुवानीका साधनहरु गुड्ने रोडमा सम्बन्धित स्थानिय तहहरुले ट्राफिक व्यवस्थापन (सवारी साधनको गति सिमित, समय निर्धारण, वस्तीहरुमा जेब्राकसको व्यवस्था आदि) तोकिदिनु पर्नेछ।

४. विकिवितरणको सन्दर्भमा सम्बन्धित स्थानिय तहले समय समयमा मुल्य निर्धारण गर्नेछ । मुल्य निर्धारण गर्दा जिल्ला दररेट र उत्खनन् विन्दुवाट ढुवानी गर्ने अन्तिम विन्दु सम्मको दुरी (Lead Distance) लाई आधार मान्नु पर्नेछ ।

५. ढुवानी गर्दा ढुवानीका सवारी साधनहरु लाई अनिवार्य रुपमा ढाक्नु पर्नेछ र सडकमा पानी चुहाउन पाईने छैन ।

६. ढुवानीका सवारी साधनहरु सम्वन्धित स्थानीय तहको स्वीकृती लियर मात्र प्रयोग गर्ने ।

७. नेपाल सरकारका सम्वन्धित निकाय (सर्वोच्च अदालत, मन्त्रिपरिषद, अख्तियार, सम्वन्धित मन्त्रालयहरु, प्रदेश सरकार तथा जिल्ला समन्वय समिति) हरुले दिने निर्देशनात्मक आदेश तथा फैसलाहरुको पालन गर्नु पर्नेछ ।

८. पक्कीपुल वाट ५०० मिटर उत्तर दक्षिण तथा हाईटेन्सन लाइनको २०० मिटर वरपर उत्खनन् गर्न पाईने छैन ।

९. खोलाले बगाएर ल्याउने काठ, दाउरा, जरा, रुख आदि ( दहत्तर बहत्तर ) को व्यवस्थापनको सन्दर्भमा सम्वन्धित स्थानीय तहले वन कार्यालय सँग समन्वय गरी कार्ययोजना बनाई व्यवस्थापन गर्नु पर्नेछ ।

१०. उत्खननको लागि हाते औजार मात्र प्रयोग गर्न पाईनेछ । तर विशेष अवस्थामा जिल्ला विपद् उद्धार समितिकको सहमतिमा साना तथा मझौला सवारी साधन प्रयोग गर्न पाईनेछ ।

११. चुरे क्षेत्रको हकमा चुरे बाहेकका स्थान वाट उत्खनन् गर्ने वा चुरे सँग समन्वय गरी सहमती लियर उत्खनन् गर्नु पर्नेछ ।

१२. उत्खनन् तथा संकलन गर्दा खानेपानीका स्रोत तथा पाईप लाईन र सिँचाईको नहरहरुलाई क्षति पुऱ्याउन पाईने छैन ।

१३. नेपाल सरकारको कुनै पनि निकायले निर्माण गरेका तथा सार्वजनिक सम्पतिहरुमा हानी नोक्सानी पुऱ्याउन पाईने छैन ।